# परिच्छेद एक

# परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

नेपाल बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक विशेषतायुक्त भौगोलिक विविधतामा रहेका समान आकांक्षा र नेपालको भौगोलिक विविधता, अखण्डता, राष्ट्रिय हित तथा संमृद्धिप्रति आस्थावान रही सबै नेपाली जनता समष्टिमा राष्ट्र हो (नेपालको संविधान २०७२, धारा ३) ।

नेपाल आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐन २०५८ अनुसार आदिवासी जनजाति भन्नाले आफ्नै मातृभाषा र परम्परागत रीतिरिवाज, छुट्टै सांस्कृतिक पहिचान, छुट्टै सामाजिक संरचना र लिखित वा अलिखित इतिहास भएको जातिलाई बुझाउंछ । नेपाल आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐन २०५८ मा सूचिकृत भएका ५९ आदिवासी जनजाति मध्ये पूर्व देखी पश्चिम सम्म फैलिएर बसेको नेपालको सबैभन्दा ठूलो आदिवासी जनजाति मगर हो (सिवाकोटी, २०७५) ।

नवलपरासीको माथिल्लो भाग र महाभारत पर्वत श्रृंखलाको दक्षिणी भाग हुँदै कालीगण्डकीको पश्चिम देखि लिएर पश्चिममा बर्दियाको उत्तरी भागको पहाड देखि हुम्ला जुम्ला सम्म फैलिएको विशाल भू-भाग मगरहरुको मूल थलो हो (शर्मा, २०७५) ।

पूर्वदेखि पश्चिम फैलिएर बसेको नेपालको ठूलो आदिबासी जनजाति मगर हो । मगरको आफ्नै भाषा, संस्कृति, संस्कार, परम्परा र धर्म रहेको छ । नेपालको जनगणना २०६८ (सन् २०११)मा मगरहरुको जनसंख्या १८,८७,७२३ (७.१३%) भनी उल्लेख गरे तापनि मगरहरु आफ्नो जनसंख्या ४० लाखभन्दा बढी भएको दाबी गर्दछन् र सरकारी तथ्याङ्कलाई गलत ठान्दछन् । यसरी तथ्याङ्क गलत हुनुमा मगरहरुको बुढाथोकी, राना, पोखरेल, थापा आदि थरहरु बाहुन र क्षेत्रीका थरहरुसँग मिल्न गएकाले ती जातिमा गणना हुँदा यो सरकारी तथ्याङ्कमा मगरहरुको संख्या कमी देखिएको भन्ने पनि मगरहरुको दाबी छ । मगरहरुको बिहेबारी पनि अरु जातिको भन्दा उदार भएकाले पनि मगरहरुको संख्यामा कमी आएको हुनसक्छ (सिवाकोटी, २०७५) ।

विवाह के हो  भन्ने सम्बन्धमा एउटै र सर्वमान्य परिभाषा पाउन सकिदैन । विभिन्न सामाजिक साँस्कृतिक परिवेशमा अवस्थित समाजमा विभिन्न प्रकारका लैङ्गिक सम्बन्ध हुने गर्दछन् । यिनै आधारमा विवाहको अर्थ, परिभाषा तथा यिनको कार्यहरु सम्बन्धित हुन्छन् । अर्कातिर समाजको परिवर्तनसँगै विवाह प्रतिको बुझाइको विश्लेषणमा पनि परिवर्तन आउने गर्दछ ।तर पनि सबै समाजमा विवाहलाई एउटा आधारभूत सामाजिक सँस्थाका रुपमा लिइन्छ । हिन्दु दर्शनबाट हेर्ने हो भने विवाह एक धार्मिक संस्कार हो । जस अनुसार आफ्नो परम्परालाई निरन्तरता दिन विवाह गरिन्छ । यसरी गरिएको विवाह लोग्ने र स्वास्नीको सम्बन्ध यस लोकदेखि परलोकसम्म अक्षुष्ण रहन्छ भनिएको छ (आचार्य,२०७४) ।

विवाहलाई बुझ्नका लागि यसलाई निश्चित समय र कालखण्डमा सीमित भई व्याख्या र विश्लेषण गर्दा त्यो अपूर्ण हुन सक्छ । समय र स्थान अनुसार विवाहका प्रकार्यहरु फरक फरक देखिने गर्दछन् । विभिन्न समाजशास्त्री तथा मानशास्त्रीहरुले विवाह सम्बन्धी आफ्ना धारणाहरु राखेकाछन् ।

विवाह एउटा स्पष्ट उद्देश्य बोकेको संस्था भएका कारण त्यो उद्देश्य पूरा गर्नका लागि महिला, पुरूष वा लोग्ने स्वास्नी विभिन्न कार्यमा संलग्न हुन्छन् । एउटा नियम, पद्धति र संस्कारमा रहेर लोग्ने स्वास्नीले सामाजिक अधिकार र दायित्व निर्वाह गर्दछन् । विवाहको अर्थ परिवार निर्माणको लागि सन्तानको आवश्यकतालाई ध्यानमा राखेर पुरूष र स्त्रीबीचको पारस्परिक सम्बन्धलाई सामाजिक स्वीकृति दिनु हो । विवाहको उद्देश्य परिवार निर्माण गर्नु र यौनिक इच्छा पूर्ति गर्नु बाहेक जन्मिएका बच्चालाई बैधता प्रदान गरी सम्पत्तिको अधिकारमा सहभागी गराउनु रहेको छ । प्रत्येक समाजमा विवाहका आफ्नै स्वरूप र मान्यताहरू हुन्छन् । महिला र पुरूषलाई पति र पत्नीको रूपमा समाजले मान्यता दिनुलाई “विवाह” भनिन्छ (बराल मगर, २०५०) ।

‘हामी मगरहरू मंगोलियन मूलका प्रजाति हो । कसैले मगहरूलाई किराँत वंशका एउटा हाँगा हुन भन्दछन् । वृहत्त नेपाली शब्दकोष अनुसार, “नेपाल अधिराज्यको मध्यपश्चिमी पहाडी क्षेत्रमा बस्ने भोट बर्मेली भाषिक समुहको एक जाति मगरातका आदिवासी मगरहरूको बसोबास भएको तथा प्राचीन राज्य भएको क्षेत्र” पृष्ठ (१०३४) भनी हामी मगरहरुलाई चिनाईएको छ । हाम्रो मगर संघको विधान अनुसार “मगर भन्नाले मगर संस्कृति एवं परम्परामा रहेवसेका सम्पुर्ण मगरहरुलाई जनाउनेछ ।” सघको विधान २०४९, २ (घ) भनि परिभाषित गरिएको छ’ (पुन, २०६२) ।

धनकुटाका मगर समुदायमा पनि वैवाहिक परम्परालाई पनि उत्तिकै महत्त्वपूर्ण संस्कारका रुपमा लिने गरिन्छ । विशेषत यो समुदायमा १८ वर्षको उमेर पुगेपछि मागी विवाह गर्ने चलन छ तर मन मिलेपश्चात् आफै भागेर विवाह गर्नेहरुमा १४ वर्षमाथि उमेरका पनि प्रसस्तै छन् । यस समुदायभित्र फूपूचेला तथा मामाचेलीबिच विवाह सम्पन्न हुने प्रचलन पहिला भए पनि अहिले खासै त्यस प्रचलनलाई निरन्तरता दिन भने सकेको छैन । समाजको आधुनिकीकरणसँगै वैवाहिक संस्कारका सम्बन्धको मानसिकता केही फराकिलो हुँदै गइरहेको पाइन्छ । यस क्षेत्रमा जारी, विधवा तथा जबरजस्ती विवाह प्रचलनमा खासै पाइन्न तर मागी विवाह र प्रेम विवाह (चोरी) धेरै प्रचलित छन् । प्रेमविवाह धेरै प्रचलनमा आउनका पछाडि केही कारणहरु छन्: जस्तै मागी विवाह गर्दा धेरै खर्च हुने, साइत जुराउनु पर्ने आदि झमेलाबाट मुक्त हुनलाई उनीहरु धेरै चोरी विवाह गर्न रुचाउछन् । साथै मगरजाति भित्र विवाह गर्ने सम्बन्धमा पारिवारिक हस्तक्षेप वा आमाबाबुले खासै रोकटोक नगर्ने भएकोले पनि केटाकेटी एकआपसमा मन परापर भएपछि आपसी समझदारीमा भगाई ल्याउँछन् र भित्राउँछन्, अनि पछि दुवै पक्षले सल्लाह र सहमतिमा साइट जुराई टीका फुकाई दिने तथा भोज खुलाउने प्रचलन छ (ठाडा, २०७९) ।

विवाह मानव जीवनको सृष्टि सञ्चालनका लागि मानव समाजद्धरा बनाइएको एक सामाजिक संस्था हो । मगर समुदायमा विवाह गर्दा मामा चेली फुपूचेला बिच विवाह गर्ने चलन हुन्छ । मगर समुदायमा मागी विवाह, प्रेम विवाह, भागी विवाह, चोरी विवाह, जबरजस्ती विवाह, विधवा विवाह प्रचलनमा रहेका छन् । हाल आएर समाजको चेतनासँगै जबरजस्ती विवाह र चोरी विवाह हराउँदै गएका छन् (सिंजाली, २०७१) ।

विवाह जुनसुकै समाज र संस्कृतिमा प्रचलित छ तर पनि विवाहलाई र्निविवाद रूपमा परिभाषित गर्न सकिदैन । किनभने हरेक समाज र संस्कृतिमा विवाहका अनेक रूप र प्रचलनहरू छन । समाजको परिवर्तनसंगै विवाहको बुझाई र विश्लेषणमा समेत परिवर्तन आइसकेको छ । हिन्दु धर्म र संस्कृतिमा विवाहलाई एउटा संस्कारको रूपमा लिइन्छ । मानव जीवनमा सम्पन्न गरिने विभिन्न १० संस्कार मध्ये विवाह पनि एक हो (थापा मगर,२०६३) ।

विवाहमा पद्धतिमा परिवर्तन आउनुका कारणहरुमा शिक्षा, सचेतना, कानुनी रुपमै छुवाछुतको अन्त्य, सञ्चारका माध्यम तथा प्रविधिको विकास, शहरीकरण, आधुनिकीकरण, यातायातको विकास, परम्परागत मूल्य मान्यता, व्यवहार र प्रचलनमा पूनर्मूल्याङकन हुनु,

वैदेशिक रोजगार र जातीय व्यवस्था कमजोर वन्दै जानु कारणहरुले विवाह पद्धतिमा सकारात्मक तथा नकारात्मक परिवर्तन आएको पाइन्छ ।

यो अनुसन्धान पाल्पा जिल्लाको साविक दर्लमडाँडा गा.वि.स. हाल बगनासकाली गा.पा. वडा नं. ५ दर्लमडाँडाका मगर समुदायको विवाह पद्धति र त्यसमा आएको परिवर्तनका कारण र असरहरुको सम्बन्धमा केन्द्रित गरिएको छ ।

## १.२ समस्याको कथन

समाजशास्त्रीय र मानवशास्त्रीयमा मगर जाति नयाँ विषयवस्तु होइन । मगर जातिको सामाजिक तथा सांस्कृतिक मूल्य मान्यताहरूमा आइरहेका परिवर्तनहरूको उल्लेख गरिएका छन् । यसका अतिरिक्त उनीहरूको गुजारामुखी आर्थिक अवस्थाको वर्णन गरिएका छन् । मगर सामाजिक संस्कार र नाता सम्बन्धमा मगरहरूको वंशावली, जन्म, विवाह, चाडपर्व, नाता सम्बन्ध र मृत्यु संस्कारको बारेमा छोटो परिचय दिएका छन् । मगर अध्ययन केन्द्र (२०६३) को अध्ययन प्रतिवेदनमा रुकुम, रोल्पा र डोल्पाका मगरहरूको धर्म संस्कारहरूको जानकारी दिइएको छ । मगर जाति र उनका सामाजिक संस्कारमा मगरहरूको उत्पत्ति, विस्तार र सामाजिक संस्कारहरूको संक्षिप्त जानकारी गराएका छन् । त्यस्तैगरी मगर समुदायका विभिन्न संघ संगठनहरूले प्रकाशन गर्ने मुखपत्र तथा जर्नलहरूमा प्रकाशित लेख रचनाहरूले पनि मगर जातिको सामाजिक सांस्कृतिक अवस्थाको बारेमा जानकारी दिएको पाइएतापनि तिनीहरुले मगर जातिको सामाजिक संस्कृतिक अवस्थाको स-साना इकाईहरुलाई सूक्ष्म रुपमा अध्ययन गरेको देखिंदैन । त्यसैले यस अनुसन्धानमा मगर जातिको विवाहको सूक्ष्म ढंगबाट अध्ययन गर्न खोजिएको छ (घर्ति, २०६२) ।

घर्ती क्षेत्री (२०६७) ले आफ्नो विद्यावारिधि शोधप्रबन्ध “पाल्पाको मगर संस्कृति” मा पाल्पाको नामाकरण, भौगालिक अवस्थिति, प्रशासनिक विभाजन, ऐतिहासिक तथा सांस्कृतिक स्थलहरु, मगर जातिको परिचय, सामाजिक संगठन र मगर संस्कृतिको बारेमा विस्तृत रुपमा वर्णन गरेका छन् ।

बराल मगर (२०६८) ले “पाल्पा, तनहुँ र स्याङजाका मगरहरुको संस्कृति” मा मगर जातिको उत्पत्ति, नामाकरण, थर उपथर, भाषा, संस्कार, लोकनृत्य, चाँडपर्व, पूजाआजाको बारेमा विस्तृत रुपमा वर्णन गरेका छन् ।

सिङ्जाली (२०७१) ले “आदिवासी मगरका विविध पक्षहरु” भन्ने पुस्तकमा आदिवासी मगरहरुको उत्पत्ति, नामाकरण, संस्कृति, भाषा, साहित्य, शिक्षा, स्वास्थ्य र जातिय जीवन दर्शनको विस्तृत रुपमा वर्णन गरेका छन् ।

सिवाकोटी (२०७५) ले आफ्नो पुस्तक “मगर जाति”मा मगर जातिको उत्पत्ति, संस्कृति, भाषा, स्वास्थ्य, राजनितिक प्रक्रिया, सामाजिकीकरण, थर उपथर, धर्म, पेशा, मार्क्सवाद र जातियात, जनजाति राष्ट्रवाद, भेजाप्रथा, महिला मुक्ति आन्दोलनको बारेमा वर्णन गरेका छन ।

मगर समाजमा हिन्दुकरण क्रमशः औलो उल्मुलन (वि.स. २०१२-२०१४) पछि र भूमि सुधार कार्यक्रम (वि.स. २०२०) बाट शुरु हुन थालेपछि तराईका जग्गा जमिनहरु विस्तारै किनबेच हुन थाल्यो । गाउँ फर्क राष्ट्रिय अभियानबाट जतातते बाटोहरु खुले र विभिन्न जातजातिको बसाइँसराइको क्रम शुरु भयो । यसरी एउटै समाजमा बसी सकेपछि मगरहरु अन्य जातजातिबाट अलग रहन सकेनन् । उनीहरुको धर्म, विवाह संस्कार, रहनसहन, खानपान, एवम् भेषभूषामा समेत हिन्दुकरण हुँदै आएको छ । यो प्रक्रिया निरन्तर चलिरह्यो भनेपछि मगर इतिहास नै लोप हुने अवस्थामा पुग्न बेर छैन । तर यी अध्ययन, अनुसन्धान, लेख, रचनाहरुमा सामान्य विवरणात्मक परिचय प्रकाशित भएको पाइन्छ । सम्पूर्ण क्षेत्रको वास्तविक सत्य अझ बाहिर आउन सकेको छैन । त्यस्तै मगर जातिको विवाह पद्धतिको मात्र छुट्टै अध्ययन गरी त्यसमा समय र विकासको परिवर्तनसँगै आएका परिवर्तनका पक्षहरुको बारेमा खासै अध्ययन गरेको पाईंदैन । केटीको इच्छा विपरित जबरजस्ती गरिने विवाह र परम्परागत मागी विवाह पद्धतिमा परिवर्तन हुँदै गएको छ । जसको सट्टामा प्रेम विवाहले लोकप्रियता पाउँदै गएको छ । परम्परागत मागी विवाहका प्रक्रियाका चरणहरु लामो हुने हुनाले नाता कुटुम्बमा नयाँ सम्बन्धको साथै हरेक व्यक्तिको आ-आफ्नै भूमिका हुन्थ्यो । जसबाट मगर समाजमा एक किसिमको एकता कायम हुन्थ्यो । तर हाल परम्परागत विवाह पद्धतिमा अपनाइने विधि, मूल्य, मान्यता र प्रकारमा कमी आएको छ (दहाल, २०५६) ।

मगर जातिको विवाह पद्धतिसँग सम्बन्धित अध्ययन अनुसन्धान लेख रचनामा सामान्य विवरणात्मक परिचय प्रकाशित भएको पाइन्छ तर सम्पूर्ण क्षेत्रको वास्तविक सत्य अझै पनि बाहिर आउन सकेको छैन । मगर जातिको विवाह पद्धतिको मात्र छुट्टै अध्ययन गरी त्यसमा समय र विकासको परिवर्तनसँगै विवाह पद्धतिमा आएका परिवर्तनका पक्षहरुको

बारेमा राम्रोसँग अध्ययन गरेको पाइदैन । केटीको इच्छा विपरित जबरजस्ती गरिने विवाह र परम्परागत मागी विवाहमा परिवर्तन हुदै गएको छ । यसको सट्टामा प्रेम विवाहले लोकप्रियता पाउँदै गएको छ । परम्परागत मागी विवाहका प्रक्रियाका चरणहरु लामो हुने भएकोले नाता कुटुम्बमा नयाँ सम्बन्ध हुनुको साथै हरेक व्यक्तिको आ-आफ्नै भूमिका हुन्थ्यो । यसले मगर समाजमा एक प्रकारको एकता कायम राख्थ्यो । तर विस्तारै विवाह पद्धतिमा मूल्य, मान्यता र प्रकारमा परिवर्तन हुदै आएको छ । लुम्बिनी प्रदेशअन्तर्गत पर्ने १२ ओटा जिल्लामध्ये पाल्पा जिल्लाको बगनासकाली गाउँपालिका वडा नं. ५ दर्लमडाँडाका मगर जातिहरुको विवाह पद्धति र त्यसमा आएको परिवर्तनहरुबारे हालसम्म कुनै पनि अध्ययन तथा अनुसन्धान नभएको कारणले यस क्षेत्रका मगर जातिहरुको विवाह पद्धति र विवाह पद्धतिमा आएको परिवर्तनका बारेमा अध्ययन तथा अनुसन्धान गर्न लागिएको हो । यस अध्ययनका मूख्य समस्याका रुपमा निम्न कुराहरु रहने छन् ।

१. वर्तमान अवस्थामा मगर जातिको विवाहमाके-कस्ता परिवर्तन आएका छन् ?

२. विवाह संस्कारमा परिवर्तन आउनका कारणहरू के हुन सक्छन ?

## १.३ अध्ययनको उद्देश्य

यो अध्ययन मगर जातिहरूको वैवाहिक पद्धतिबारे सम्पूर्ण समाजमा जानकारी गराउने तथा उनीहरूको वैवाहिक परम्परामा आएको परिवर्तन र परिवर्तनका कारणहरू खोजी गर्ने उद्देश्यले यो अध्ययन गरिएको हो । मगर जातिको मौलिक संस्कारका बारेमा जानकारी लिने र विभिन्न व्यक्ति तथा संस्थालाई पनि केही हदसम्म सहयोग पुग्ने अपेक्षा गरिएको छ । यस अध्ययनका मुख्य उद्देश्यहरुलाई बुँदागत रुपमा निम्नानुसार उल्लेख गरिएको छ :

१. मगर जातिको विवाह पद्धतिमा आएको परिवर्तनकोखोजी गर्ने ।

२. विवाह संस्कारमा परिवर्तन आउनुका कारणहरूबारे अनुसन्धान गर्ने ।

## १.४ अध्ययनको महत्त्व

मगर जातिमा अपनाइने विवाहका परम्परागत मान्यता र प्रचलनहरूलाई हाल त्यहाँका मगरहरूले के-कति मात्रामा मान्दै आएका छन र विवाह पद्धतिमा आएका परिवर्तनलाई कसरी हेरिएको छ भन्ने बारेमा विस्तृत अध्ययन गरी सोको जानकारी स्वयं

मगरहरूलाई गराउन आवश्यक भएकोले यो अध्ययनको महत्व रहेको छ । मगरहरूको वैवाहिक परम्परालाई यथासम्भव परिचय गराउनुका साथै भौगोलिक, परिवेशीय, बसाइँसराई, शिक्षा, सम्पर्कको विस्तार आदिले मगर विवाहमा ल्याएको परिवर्तनलाई प्रकाश पार्नु आवश्यक ठानिएकोले मगर विवाह सम्बन्धी चासो राख्ने व्यक्ति वा संस्थालाई आवश्यक मद्दत पुग्ने देखिन्छ । यसका साथै यसबाट सिङ्गो मगर समुदायको निमित्त यो अध्ययन मह वपूर्ण हुनेछ । यसबाट मगरका बारेमा थप अध्ययन अनुसन्धान गर्ने भावी पिँढीका निमित्त पनि आधार हुनेछ भने सिङ्गो राष्ट्रको निमित्त पनि यस अध्ययनले केही हदसम्म भए पनि फाइदा पुऱ्याउने देखिन्छ ।

**१.५अध्ययनको संगठन**

यस अध्ययनमा जम्मा पाँच अध्याय रहेका छन् । पहिलो अध्यायमा परिचय, समस्याको कथन, अध्ययनको उद्देश्य, अध्ययनको महत्व, संगठनात्मक ढाँचा आदि रहेको छ । अध्याय दुईमा साहित्यको पुनरावलोकनलाई समावेश गरिएको छ । यस अध्यायमा यस अनुसन्धान विषयसंग सम्बन्धित विभिन्नअनुसन्धान, पुस्तक, प्रतिवेदन आदिको बारेमा व्याख्या गरिएको छ ।अध्यायतीनमा अध्ययन विधि र प्रक्रियाकासम्पूर्ण पद्धतिसमावेश गरिएको छ । यस भागमा अनुसन्धान क्षेत्र छनोट, जनसङ्ख्या तथा नमूना छनोट, अनुसन्धान ढाँचा, तथ्याङ्क संकलनका विधिहरु, तथ्याङ्क सङ्कलनकाश्रोत तथा प्रकृति, तथ्याङ्क सङ्कलनका विधिहरु आदिको व्याख्या गरिएको छ । त्यसैगरी, अध्याय चारमा मगर जातिको विवाह पद्धति र विवाह पद्धतिमा आएको परिवर्तनसम्बन्धी प्राप्त तथ्याङ्क विश्लेषण तथा व्याख्याप्रस्तुत गरिएको छ । अध्याय पाँचमा भने सम्पूर्ण अनुसन्धानको सारांश तथा निष्कर्षलाई उल्लेख गरिएको छ ।

# परिच्छेददुई

# पूर्व साहित्यको समीक्षा

## २.१ सैद्धान्तिक पुनरावलोकन

मोर्गनका अनुसार आदिम अवस्थामा एउटा जातिभित्र स्वच्छन्द यौन सम्बन्ध प्रचलित थियो । "प्रत्येक स्त्रीमाथि प्रत्येक पुरुषको प्रत्येक पुरुषमाथि प्रत्येक स्त्रीको समानरुपले अधिकार रहन्थ्यौ" (एन्गेल्स, १९८६) । सबै जङ्गली जातहरु र वर्वरयुगको निम्न, मध्यम तथा उच्चत चरणमा रहेका सबै जातहरुमा स्त्री स्वतन्त्र मात्र थिइन्न ठूलो आदर र सम्मानको पात्र पनि थिइन । घरमा नारीको आधिपत्य रहेको साम्यवादी कुटुम्ब प्रणाली समेत रहेको थियो । त्यतिवेला आमालाई मात्र जन्मदाता मानिन्थ्यो र वंश आमाको अनुसार चल्थ्यो ।

जिवनका आर्थिक आधारहरुको विकासको फलस्वरुप आदिम साम्यवादि व्यवस्थाको पतन तथा जनसंख्याको धनत्व बृद्धिको फलस्वरुप परापूर्व कालदेखि चल्दै आएको नारी र पुरुष बिचको सम्बन्धमा पनि परिवर्तन हुँदा आयो । "एकमात्र पुरुषसँग अस्थायी वा स्थायी विवाह गर्ने अधिकारलाई मुक्तिको रुपमा माग गरे" (एन्गेल्स, १९८६) ।

मातृसत्राको पतन नारीको एतिहासिक स्तरको पतन भएको पाइन्छ । यसपछि पतिले घरमा शासनको वागडोर लिने र नारीलाई अधिकारबाट च्यूत गरी दासीको व्यावहार गर्न थालियो । पितृसत्तात्मक परिवारको स्थापना बहुपत्नी प्रथाबाट भयो र सो चलन दास प्रथामा प्रचलित थियो । बहुपति प्रथा धनी र ठूला सामन्तहरुको विशेष अधिकारको रुपमा रहेको थियो । किनिएका दासीहरु सबै सामन्तका श्रीमती हुन्थे । प्राचिन कालमा सभ्य एवम् विकसित जनतामा चलेको एकनिष्ठ विवाहको उत्पत्ति प्रेमको आधारमा नभई आर्थिक कारण सामुहिक स्वामित्व माथि निजी स्वामित्वको विजयमा आधारित थियो । "एकनिष्ठ विवाह इतिहासमा नारीको पारस्परिक मिलनको लागि सहमतिको रुपमा र त्यसबेला सम्म देखापरेको अन्तरविरोधको रुपमा प्रकट भएको हो" (एन्गेल्स, १९८६) ।

"सभ्यताले जन्माएका सबै कुरा द्वन्द्धपूर्ण र विरोधाभाषपूर्ण भए जस्तै एकल विवाहबाट प्राप्त परिणाम पनि द्वन्द्वपूर्ण नै रहेका छन्" (एन्गेल्स, १९८६) । करिब तीन हजार वर्ष पुरानो एकल विवाहको अन्तिम नतिजाले एकल परिवारको उत्पत्तिलाई प्रतिबिम्वित गरेको छ । जहाँ पुरुष र नारीको अन्तरद्वन्द्व स्पष्ट रुपमा देख्न सकिन्छ ।

वर्तमान समयमा धनी वर्गमा लोग्नेले पैसा कमाउँछ, परिवारको पेट पाल्ने गर्दछ । यसले गर्दा परिवारमा उसको आधिपत्य चल्दछ । पुरुष परिवारको बुर्जुवा हो भने महिला सर्वहारा हो । त्यसरी विवाह संस्थाको उत्पत्ति र विकासक्रममा महिला र पुरुषको विचमा सामाजिक र आर्थिक द्वन्द्वले महत्त्वपूर्ण भूमिका खेलेको छ । आधुनिक परिवारमा पत्निमाथि पतिको आधिपत्यको विशिष्ट चरित्र र दूवैमा हुने सामाजिक समानता त्यति बेलासम्म स्थापित हुन्छ जतिवेला कानुनी रुपमा पूर्ण समान हुन्छन् । प्रेमा आधारित विवाह त्यसैवेला मात्र नैतिक हुन्छ । जतिबेला सम्म पारसपरिक प्रेम कायम हुन्छ । समाज विकासको क्रममा उत्पत्ति भएको विवाह संस्थामा उत्पादन सम्बन्धमा आएको परिवर्तनले धेरै परिवर्तनहरु सिर्जना गरेको छ ।

नेपाली समाज बहुभाषिक, बहुधार्मिक र बहुसांस्कृतिक देश भएकोले यहाँ विभिन्न पद्धतिमा पनि धेरै विविधताहरु पाइन्छ ।यस्ता विविधताहरु यहाँ सदियौंदेखि रहि आएका छन् (Khatiwada, 2007)। विभिन्न जातजाति, धर्म, सम्प्रदाय मिलेर बनेको सिङ्गो नेपाली समाजमा हिन्दु, धर्म संस्कृतिको प्रभाव बढी छ । यस्तो हुनुको मुख्य कारण हिन्दुकरणको प्रक्रिया हो । पृथ्वीनारायण शाहले यसलाई असली हिन्दुस्तान भएको कुरा उल्लेख गरेका छन् (विष्ट, २०७१) ।

हिन्दु धर्मको अवधारणा अनुसार विवाह एक धार्मिक संस्कार हो । जसको अभावमा लोग्ने स्वास्नीको जीवन अपूर्ण हुन्छ । लोग्ने स्वास्नीको सम्बन्धलाई जन्म जन्मान्तरको मानिन्छ । “बेद अनुसार स्त्री र पुरुषको सम्बन्धलाई माँसमाँस र अस्थिअस्थिको सम्बन्धको रुपमा लिएकोले प्राचीन समयदेखि नै विभिन्न किसिमका विवाह पद्धतिहरु कायम थिए” ( सुवेदी, २०५६) । हिन्दु धर्मशास्त्र अनुसार, ब्राह्म विवाह, दैव विवाह, अर्ष विवाह, प्रजापत्य विवाह, अनुसर विवाह, गन्धर्व विवाह, राक्षस विवाह,पैशाच विवाह गरी आठ किसिमका विवाह पद्धतिहरु कायम थिए । उल्लेखित विवाहमध्ये सुरुका चार किसीमका विवाहहरु समाजमा लोकप्रिय थिए ।

विगतमा विभिन्न विवाह पद्धतिहरु हावी भएमा केही पद्धतिहरु रुपान्तरण हुँदै हालसम्म पनि कायम छन् भने केही पद्धतिहरु जन्मने र हुर्कने क्रममा छन् । वर्तमान विश्वभित्र नै विभिन्न धर्मावलम्बी, सांस्कृतिक समूह र जनसमुदायमा विभिन्न पद्धति अन्तर्गत वैवाहिक सम्बन्ध स्थापित गर्ने गरिन्छ । वैवाहिक सम्बन्ध भित्रको घनिष्ठता स्थायित्व, लेनदेन र अन्य अन्तरक्रियाका साथै दम्पत्तिका बालबच्चा, परिवारका सदस्य,

नातागोता र मित्रगणसँगको सम्बन्ध पनि भिन्न भिन्न रहेको पाइन्छ । नेपालमा विभिनन्न विवाह पद्धति कायम छन् । यि मध्येको एउटा पद्धति हो मागी विवाह जसलाई परिवार र नजिकका नातागोताद्धारा रचित र संरचित विवाह पद्धति मान्न सकिन्छ । त्यस्तै अर्को विवाह पद्धति हो प्रेम विवाह जुन विवाह गर्ने केटा वा केटीको इच्छा अनुसार हुन्छ । मागी विवाहमा जातभात, कुटुम्ब, कुलघरान, प्रतिष्ठा जस्ता कुरालाई महत्त्वमा राखेर विवाह गरिन्छ भने प्रेम विवाहमा परिवार, जातभात, कुलघरान भन्दा पनि स्वयम व्यक्तिको इच्छा चाहनाको आधारमा आफूखुसी विवाह गर्ने गरिन्छ । हालका दिनमा मागी विवाहभन्दा प्रेम विवाहले बढी प्राथमिकता पाउन थालेसँगै समाजमा अन्य विवाह पनि विस्तारै बढ्दै गएको देखिन्छ । हालका दिनमा आधुनिक जीवन शैलीको प्रभावका कारण शिक्षा र रोजगारी, शहरीकरणको तीब्र रुपमा भएको विकासले व्यक्ति स्वयम् आफ्नो जीवनको निर्णय आफै गर्न सक्ने स्वतन्त्र चाहना राख्दछ । त्यसको कारण पनि अहिलेको समाजमा विवाह जस्तो संवेदनशील कुरा परिवार र समाजभन्दा पनि व्यक्ति सापेक्ष हुनु पर्दछ भन्ने कुराले मान्यता पाउन थालेको छ ।

परिवर्तन प्राकृतिक नियम हो । आज भएको कुरा भोलि फरक हुनेछ । सामाजिक संरचनामा पनि निरन्तर परिवर्तन भइरहेको हुन्छ । यो कहिल्यै रोकिदैन परिवर्तन भइरहेको हुन्छ । यो कहिल्यै रोकिदैन । परिवर्तन भनेकै पुरानो समाज र सामाजिक सम्बन्धको अवसान र नयाँको जन्म र निर्माण हो । यसको निरन्तरताको निर्माणमा व्यक्तिको क्रम नै इतिहासको निरन्तरता हो (मिश्र, २०५७) ।

यहाँ परिवर्तन शब्दले कुनै पनि चिज या वस्तुमा समय अन्तरालमा आउने फरकपना भन्ने बुझिन्छ । यसले सामाजिक प्रक्रिया र परिवर्तनलाई पनि जनाउँछ (भुसेन र सचदेवा,२००८) । सामाजिक परिवर्तन, सामाजिक, व्यवहार, सामाीजक सम्बन्ध वा सामाजिक वनावटमा समयको क्रममा आउने परिवर्तन हो (Regmi, 2003)। सामाीजक परिवर्तनलाई धेरै सामाजिकशास्त्रीहरुले विभिन्न किसिमले परिभाषित गरेकाछन् । गिलिनका अनुसार “सामाजिक परिवर्तन जीवनको स्वीकृत रीति एवम् परम्परामा आउने परिवर्तन हो । चाहे त्यो भौगोलिक अवस्थितिमा होस् या सांस्कृतिक साधनहरुमा “जेसेनका अनुसार सामाजिक परिवर्तन गहिराइ र सोचाइको तरिकामा आउने परिवर्तन हो” ।

सामाजिक परिवतर्नलाई व्याख्या विश्लेषण गर्ने धेरै उपागमहरु प्रकार्यवादी र द्वन्द्ववादी दृष्टिकोण बढी महत्त्वपूर्ण मानिन्छ । प्रकार्यवादी सिद्धान्तले समाजको स्थायित्वलाई

जोडदिन्छ भने द्वन्द्ववादी सिद्धान्तले समाजको परिवर्तनलाई जोड दिएको हुन्छ । धेरैजसो परिवर्तनसँग सम्बन्धित प्रकार्यवादीसिद्धान्तले समाजलाई परिवर्तन पछिको खललबाट कसरी सन्तुलित अवस्थामा ल्याउने भन्नेबारेमा जोड दिएको हुन्छ । द्वन्द्वात्मक दृष्टिकोणले व्यक्ति, वर्ग, समुह, संस्था, विचको द्वन्द्वको अध्ययन गर्दछ । यस्ले दुई वर्ग वीचहुने द्वन्द्वले गर्दा नै सामाजिक परिवर्तन हुन्छ भन्ने कुरामा जोड दिन्छ (Regmi, 1999)।

वर्तमान समयमा नेपालमा पनि राजनैतिक परिवर्तनका कारण साथै परिवारको आयतन, संरचना, परिवारिक सदस्यबिचको सम्बन्धमा पनि धेरै परिवर्तन आएको छ । जसको कारण सामाजिक परम्परा संस्कार, मूल्य मान्यताहरुमा पनि परिवर्तन आइरहेको छ । परिवर्तन समाजसँगसँगै विवाह पद्धतिमा पनि परिवर्तनहरु देख्न र अनुभव गर्न पाइएको छ । विवाह गर्दा पनि आफ्नै जात, हैसियत, कुलघरान भन्ने शब्दलाई महत्त्वपूर्ण मान्ने प्रबृत्ति विस्तारै परिवर्तन भई प्रेम विवाह गर्ने अनि हैसियत, जात, वर्गभन्दा पनि आर्थिक रुपमा आत्मनिर्भर जो आफ्नो खुट्टामा उभिएर आफै आय आर्जन गर्न सक्षम हुन्छन् । त्यस्ता केटा वा केटीलाई आफ्नो जोडी छनोटमा बढी महत्त्व दिएको पाइन्छ (Bhushan and Sachdeva२००८) ।

### क) उद्विकासवादी धारणा

“उद्विकास भनेको एउटा अवस्थाबाट अर्को अवस्थातर्फ हुने निरन्तर विकासको प्रक्रिया हो । केही मानवशास्त्रीहरुले यसलाई मानवीय संस्थाहरुलाई सरल अवस्थाबाट जटिल अवस्थातर्फको विकासको रुपमा पनि व्याख्या गरेको पाइन्छ” (Tylor, 1999)।

शताब्दीऔँदेखि पुरातत्वविद्हरुले पहिलेका मानिसहरुले प्रयोग गरेका समानहरु हतियार, भाँडाकुडा, खेलौना, मुद्रा तथा उनिहरुले प्रयोग गरेका अन्य सामानहरुको उत्खनन गरेका छन् । यसले भौतिक संस्कृतिको विकासको बारेमा जान्न सहयोग पुऱ्याएको छ । “सबै सांस्कृतिक एकाइहरु चाहे भौतिक हुन वा अभौतिक कुनै ठाउँमा कुनै समयमा व्यक्तिले आविस्कार गरेको कुरा पत्ता लागेको छ । व्यक्ति संस्कृति परिवर्तनको कारक तत्त्व हो ” (Bhushan and Sachdeva, 2008) ।  हालमा प्रयोग भइरहेका सांस्कृतिक एकाइहरुले नयाँ सङ्गीत सिर्जना गर्ने सङ्गीतज्ञले पनि पुराना सङ्गीतका विद्हरुलाई समायोजन गरी नयाँ सङ्गीतको सिर्जना गरे जस्तै सांस्कृतिक आविस्कारहरुले पनि अहिलेका सांस्कृतिक तत्त्वहरुलाई मिलाएर जीवन पद्धतिलाई नयाँ आयाम दिएका हुन्छन् ।

सांस्कृतिक उद्‌विकासवादी धारणालाई व्याख्या गर्ने क्रममा टेलरले संस्कृतीको अध्ययन भन्नुनै मानव विकासको इतिहासको बारेमा विस्तृत किसिमले अध्ययन गर्नु हो भनेका छन् । उनका अनुसार मानव समाज जङ्गली अवस्था (Savagery),गवार अवस्था (Barbarism) र सभ्य अवस्था (Civlizaton)गरी तीन चरणमा विकास भएको छ । मानव समाजको संस्कृति र इतिहासलाई यसरी व्याख्या गर्ने उपागमलाई एक रेखीय उपागम भनिन्छ (Jaha, 1994)।

त्यस्तै टेलरले धर्मलाई दैविक शक्ति माथिको विश्वासभन्दै कुनै पनि संस्कृति धर्मबाट भिन्न हुन नसक्ने कुरा गर्दै तीनवटा चरणहरु आत्मवाद, बहुदेवतावाद, एकदेवतावादको विकास भएको उल्लेख गरेका छन् । त्यस्तै प्रसिद्ध अमेरीकी मानवशास्त्री मोर्गानले मानव संस्कृतिको विकासलाई टेलरले झै जङ्गली, गवार र सभ्य गरी तीन चरणमा बाँडेका छन् ।

“कुनै पनि ठाउँमा विकास भएको संस्कृति त्यहाँ प्रयोग भएको प्रविधि र शक्तिमा भरपर्ने कुरा लेस्ली ह्वाइटले सुत्रवद्ध गरेका छन् । प्रविधी र शक्तिको एकिकृत अध्ययनले कुनै पनि संस्कृतिको उद्‌विकास बारेमा स्पष्ट धारणा दिन्छ । उनका अनुसार $T \times E = C$ हुन्छ । यहाँ T ले प्रविधि र E ले शक्ति र C ले संस्कृति जनाउँछ (Jaha, 1994)।

यसको अर्थ कुनै पनि ठाउँमा प्रयोग गरिएको प्रविधि जति जटिल र उन्नत किसिमको छ । त्यहाँ शक्ति प्राप्त गर्ने मात्रा पनि बढी नै हुन्छ । खाना लुगाफाटा तथा अन्य समानहरुमा खर्च गरिनेगरी त्यहाँको प्रविधि कार्य क्षमतामा निर्भर गर्दछ । अन्य तत्त्वहरु उस्तै रहन्छन् । “प्रतिव्यक्ति प्रतिवर्ष शक्ति खपत हुने दरमा बृद्धि हुँदा अथवा प्रयोग गरिएको समान (यन्त्र) हरुको कार्यगर्ने क्षमता बृद्धि हुँदा कुनै पनि ठाउँमा संस्कृतिको उद्‌विकास हुन्छ” (Bahannan and Glaze, 1988 ) ।

उद्‌विकासवादी धारणाको समग्र सिद्धान्तलाई हेर्दा यसले विवाह पद्धतिमा आएको परिवर्तनलाई पनि प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा असर पारेको देखिन्छ । समाज निरन्तर विकासको प्रक्रियामा अगाडि बढ्दै जाँदा एक पिँढीको संस्कृति र संस्कार अर्को पिँढीमा अर्कै ढङ्गबाट विकास भइरहेको हुन्छ भने ब्राह्मण जातिमा विवाहमा देखिएका परिवर्तन प्रेमविवाह, अन्तजातीय विवाहलाई प्राचीन समयमा परिवार र समाजबाट तिरस्कृति रुपमा हेरिन्थ्यो भने तर आजको समयसम्म समाज विकास हुँदै विकासको प्रक्रियामा अगाडि पढ्दै जाँदा विज्ञान र प्रविधि सूचना एवम् सञ्चारको व्यापक प्रयोगसँगै हरेक ठाउँ र त्यहाँको

संस्कृतिसँग मानिसहरु नजिकबाट परिचित हुँदै गएका कारण परिवर्तित विवाहलाई पनि विस्तारै सामान्य ढङ्गले हेर्ने परिपाटीले हालका दिनमा तीब्रता पाउँदै आएको छ भन्न सकिन्छ ।

**ख) प्रसारवादी धारणा**

"कुनै पनि ठाउँको संस्कृति वा त्यसको अंश एक ठाउँबाट अर्को ठाउँमा फैलिएर जाने विधिलाई प्रसारण भनिन्छ । कुनै पनि ठाउँका संस्थाहरु संस्कृतिक इकाइहरु तथा अन्य जटिलताहरु पनि अन्य ठाउँमा फैलिएर जान सक्दछन् । यस्तो हुनाको मुख्य कारण बसाइँसराई हो" (Tylor, 1999) । प्रसारवादीहरुका अनुसार विभिन्न समयमा संसारका विभिन्न समयमा विकसित भएका संस्कृतिक जटिलताहरु प्रसारण हुँदै एक ठाउँबाट अर्को ठाउँमा फैलिन्छन् ।" कुनै एक ठाउँबाट मानिसहरु अर्को ठाउँमा बसाइ सरेर स्थायी वा अस्थायी किसिमले बसोबास गर्दै जाँदा तिनीहरुको त्यहाँका स्थानीय मानिससँग संस्कृतिक आदानप्रदान वा लेनदेन हुन्छ" (Jaha, 1994)। उनीहरुका अनुसार एतिहासिक समयमा हुने सांस्कृतिक वृद्धि र विकास उद्विकासबाट नभई एतिहासिक रुपमा हुने साँस्कृतिक प्रसार र सम्पर्कको कारणबाट हुन्छ । प्रसारवादलाई व्याख्या गर्ने मुख्य तीनवटा समुहहरु बेलायती प्रसारवादीहरु र जर्मन प्रसारवादीहरु छन् ।

बेलायती प्रसारवादीहरुको प्राचीन इजिप्टको मिश्रलाई संसारभरका संस्कृतिको उद्गम स्थल मानेका छन् । तिनीहरुको मुख्य कार्य इजिप्टको सभ्यता र संस्कृतिको अध्ययनमा केन्द्रित रहेको हुनाले इजिप्टोलोजिस्ट पनि भनिन्छ । 'संसारका सभ्यताको केन्द्रविन्दु इजिप्ट मात्र नभइ त्यहाँ केही संस्कृति विकास भएका भए पनि सबै सांस्कृतिकको विकास त्यहीबाट मात्र नभएको भनी अमेरिकी तथा जर्मन प्रसारवादीहरुको आलोचना गरेका छन्" (Jha, 1994)।

जर्मन प्रसारवादीहरुका अनुसार संसारका सबै समाजमा सामाजिक एवम् सांस्कृतिक विकास समान छैन । त्यसैले सामान्य प्रविधि प्रयोग गरेका मानिसहरुको समूहमा पनि विकसित र जटिल किसिमको सांस्कृति प्रयोग गरेका हुन सक्दछन् । यिनीहरुले सांस्कृतिक प्रसारको मुख्य माध्यम बसाइँसराइलाई मानेका छन् (Jha, 1994)।

कुनै पनि संस्कृतिको प्रसार प्रत्यक्ष रुपमा वा अप्रत्यक्ष रुपमा हुन्छ । व्यक्तिहरुवा समूहको प्रत्यक्ष भेटघाटद्धारा प्रत्यक्ष प्रसार हुन्छ भने व्यक्तिगत भेटघाट विना रेडियो, मुद्रीत, सामग्रीहरु तथा सामानहरुको आदानप्रदानद्धारा अप्रत्यक्ष्य प्रसारण हुन्छ ।" पश्चिमी देशको

भौतिक संस्कृति संसारका अन्य क्षेत्रमा फैलिएका छन् । भने अमेरीकनहरुले धेरै संस्कृति अरुबाट लिएका छन् । जस्तै : मकै, आलु, भट्टमास तथा सुर्ती खेती गर्ने पद्धति उनीहरुले अविकसित देशहरुबाट सिकेका छन्" (Bhushan and Sachdeva, 2008) ।

जब कुनै समाजले अन्यबाट संस्कृति ग्रहण गर्दछ, उसले आफ्नो लागि उपयुक्त हुने संस्कृति मात्र ग्रहण गर्दछ । यसको अर्थ अरुबाट लिने संस्कृति छनोट गरेर मात्र लिन्छ । अरुबाट लिने सांस्कृतिक एकाइको उपयोगिता अनुसार संस्कृति ग्रहण गर्दै त्यसको प्रयोग नयाँ तरिकाले पनि गरिएको हुन्छ ।

यसरी समग्र प्रसारवादी दृष्टिकोणलाई हेर्दा विवाहमा आएको परिवर्तनमा पनि प्रसारवादी धारणाले प्रभाव पारेको देखिन्छ । आजको समाज परिवर्तन हुँदै जाँदा आधुनिकीकरणको विकाससँगै संस्कृति र सामाजिक मान्यताहरु पनि एक ठाउँको संस्कृति अर्को ठाउँमा हस्तान्तरण हुँदै गएका कारण पनि मागि विवाहको सट्टा प्रेमविवाह, अन्तरजातीय विवाह लगायत विवाह पद्धतिलाई वर्तमान समयमा आजका युवापिँढीहरुले सहज रुपमा स्वीकार गर्दै आएको देखिन्छ ।

**ग) द्वन्द्ववादी धारणा**

कुनै पनि समाजको सामाजिक बनावट त्यस समाजको शक्ति कस्तो समूहको हातमा छ र त्यहाँको स्रोतमा असमानुपातीक किसिमले कस्ले नियन्त्रण गरेको छ भन्ने कुरामा निर्भर रहन्छ भन्ने द्वन्द्ववादी धारणाको प्रमुख मान्यता रहेको छ । "यो दृष्टिकोण अनुसार संस्कृतिको मुख्य काम समाजमा व्याप्त त्यस्ता मान्यताहरुलाई स्वीकृति प्रदान गर्दै तथा यस्ता असमानताहरुलाई अझै बृद्धि गर्दै जाने हुन्छ । यो धारणालाई कार्ल मार्क्सद्वारा प्रतिपादित सिद्धान्त स्पष्टसँग उल्लेख गरिएको छ" (Regmi, 2003 ) ।

मार्क्सका अनुसार कुनै पनि समाजको संस्कृति समाजको सामाजिक बनावटको उत्पादन हो । अर्को अर्थमा समाजको आधारभूत सामाजिक र आर्थिक बनावटले उक्त समाजमा मानिसले के जान्दछन् । केमा विश्वास गर्दछन् भन्ने कुरा निर्धारण गर्दछ । यस्तै आर्थिक वनावटले सामाजिक वनावट उत्पादन, सम्पत्तिको निर्माण गर्ने क्रिया समाजको उत्पादन प्रणाली अनुसार हुन्छन् । मार्क्सले संस्कृति र विचारधारलाई उपरी संरचना मानेका छन् । किनकी तिनीहरुको सामाजिक संरचनाबाट प्रभाववित हुन्छन् । न कि तिनीहरुको

आफ्नो जविनबाट समाजको वास्तविक बनावट भन्नाले सम्पत्तिको विवरण हो । संस्कृति त केबल आर्थिक अवस्थाको उत्पादन मात्र हो ।

जीवनको भौतिक अवस्थाको उत्पादन सम्बन्ध सामाजिक राजनैतिक र बौद्धिक जविनमा सामान्य प्रक्रियाहरु हुन । “मानिसको चेतनाले उसको अस्तित्वलाई निर्धारण गर्ने नभई उसको सामाजिक अस्तित्वले चेतना निर्धारण गर्दछ । चेतना भन्नाले मूल्य मान्यता, सोचाइ तथा सामाजिक वास्तविकताको बारेमा हुने बुझाइ हो”(Ritzer, 1992) । विचारधात्मक रुपमा त्यस्ता हुन्छन् जसले मानिसलाई समाजमा हुने द्वन्द्वको बारेमा सचेत गराउँछन् । “आर्थिक आधारमा आउने परिवर्तन सम्पूर्ण उपरी संरचनाहरुमा परिवर्तन ल्याउँछन् । उपरिसंरचनामा आउने परिवर्तन भन्नाले राजनैतिक, धार्मिक, कला, दर्शन आदि विचारधारहरुमा आउने परिवर्तन हो । चेतनाको बारेमा उल्लेख गदै व्यक्तिगत चेतनाभन्दा वर्गीय चेतनालाई मार्क्सले वढी जोड दिएका छन् (Ritzer, 1992) । वर्गीय चेतनालाई सामाजिक परिवर्तन र विकासको मुख्य कडीको रुपमा लिइएको छ । समाजलाई स्थिरभन्दा पनि गतिशील रुपमा मानिएको छ ।

“समाजमा रहेका शासक र आश्रित वर्गहरुमध्ये शासक वर्गसँग उत्पादनका साधनहरुको स्वामित्व हुन्छ भने आश्रित वर्ग त्यसबाट वञ्चित हुन्छ । आश्रित वर्गले शासक वर्गको लागि काम गर्दछन् र श्रम प्रदान गरका हुन्छ । उक्त श्रमबाट उत्पादित सामानहरुद्वारा नाफा प्राप्त नहुने हुँदा उनीहरु शोषणमा परेका हुन्छन्” (Regmi, 2003)।

यसरी एकातिर आर्थिक र राजनीतिक परिवर्तन विना सांस्कृतिक परिवर्तन हुन सम्भव छैन भन्ने अर्कोतिर संस्कृतिक आन्दोलन विना आर्थिक र राजनैतिक विकास पनि खुल्न सक्दैन । “पश्चिम यूरोपमा १३ औ देखि १८ औ शताब्दीसम्म लामो जनसंस्कृति नभएको भए जन्मजात असमानता र हुकुमी शासनको बेलाबेलामा वैज्ञानिक र द्वन्द्वात्मक भौतिकवादी सांस्कृति दृष्टिकोण र पहल अत्यन्तै कमजोर रहन सक्थ्यो” (मिश्र, २०५७) ।

समग्र द्वन्द्ववादी धारणालाई हेर्दा विवाहमा देखिएका परिवतनमा पनि द्वन्द्ववादी अवधारणाको छाप देख्न सकिन्छ । किनकी हाल विवाहमा देखिएको परिवर्तनलाई हेर्दा पुरानो पुस्ता र नयाँ पुस्ताका बीचमा व्यापक रुपमा वैचारिक द्वन्द्व भएको देखिन्छ । पुरानो पुस्ता प्राचीनकालदेखि चलिआएको आफ्नै जात अनि कुलघरानमा विवाह गर्ने पद्धतिलाई अगाडि बढाउन चाहन्छ भने आजको पुस्ता कुलघरान जातभातभन्दा पनि स्वयम्को इच्छा

र चाहना अनुरुप विवाह गर्न चाहन्छ । जसले गर्दा परिवर्तित विवाहमा पनि वैचारिक द्वन्द्ववादी अवधारणा व्यापक रुपमा देख्न सकिन्छ ।

**घ) आधुनिकीकरण सिद्धान्त**

यस आधुनिकीकरण सिद्धान्तको मूलभूत मान्यता भनेको समाज र पेसा संस्कृति परिवर्तनशील छ । स्वयम् मानिस पनि परिवर्तन हुन्छ । प्रत्येक समाज परिवर्तन र विकसित हुँदे अगाडि बढेको छ । समाजको प्रारम्भिक चरणभन्दा वर्तमान चरण परिवर्तनशील छ । समाज सधै आधुनिकता तर्फ उन्मुख हुन्छ भन्ने तथ्यमा आधारित छ । आधुनिकता भनेकै समाज एक परम्परागत र रुढीवादी ढाँचाबाट आधुनिक वा कुशल औद्योगिक तहमा पुग्ने प्रक्रिया हो । यस प्रक्रियामा समाज प्रारम्भिक, मध्यम र उच्च तह पारगर्दै समाज भित्रका आर्थिक, सामाजिक, धार्मिक, राजनैतिक लगायतका मानवीय मनोवृत्तिमा पनि बढी कुशल र उदार तर्फ लक्षित भइ समाजको विकास प्रक्रिया अगाडि बढ्दछ ।

आधुनिकीकरणले उत्पादन प्रणालीमा सरल ग्रामीणमुखीबाट आधुनिक प्रविधियुक्त बनाउदै जान्छ । पेशाहरुका पनि परम्परागत पेसाका ठाउँमा आधुनिक विशिष्टीकरण हुँदै जान्छन् । सामाजिक चालचलन रीतिरिवाज, धार्मिक कुराहरुमा परिवर्तन हुँदै आधुनिकतातर्फ लम्किन्छ । शहरकिरण तर्फ उन्मुख हुन्छ । आधुनिक कुराहरुले पररम्परा पेसा रीतिरिवाज संस्कारलाई विस्थापित गर्दै आर्थिक सामाजिक अवस्था आधुनिकतातिर लम्किरहन्छ । पुरातन परम्परागत ग्रामीण समाज आधुनिक प्रविधियुक्त शहरीकरणतर्फ लम्कन्छ । यो आधुनिकीकरण प्रक्रिया समय विकासको गतिसँगै सिधै अगाडि बढ्दछ । नयाँ-नयाँ प्रविधिको विकास र प्रत्येक मानव उपयोगमा विकल्पको प्रयोगबाट आर्थिक, सामाजिक, सांस्कृतिक परिवर्तन गराउने आधार खडा गर्दछ । यस सिद्धान्तलाई यस अध्ययनमा प्रयोग गरिएको छ । “आधुनिकीकरण कुनै पनि कुराहरुलाई नवीकरण गर्दै विकास एवम् सामाजिक विकाससँग सम्बन्धित हुन्छ ”(Gurung, 1998)। आधुनिकीकरणका सिद्धान्तका अवधारणाहरु वेवर र दुर्खिमका सामाजिक परिवतनसम्बन्धी विश्लेषणमा आधारित छन् । यस सिद्धान्तका प्रकाशमा ब्राह्मण जातिमा विवाह पद्धतिको बदलिदो स्वरुपको बारेमा अध्ययन गरिएको छ ।

मानिस एउटा सामाजिक प्राणी भएकोले विवाह संस्कार एउटा सामाजिक संस्थाको रुपमा महत्त्व पाइन्छ । मानव समाजको विकास क्रममा जबदेखि उसको एउटा निश्चित स्थान र समुदायमा बसोबास गदै आयो त्यतिवेलादेखि नै विभिन्न किसिमका सामाजिक जीवन पद्धति र परम्पराहरुको पनि विकास गर्दै आयो । मानव समुदाय एकातिर संस्कृतिको

सर्जक वा निर्माता हो भने अर्कोतिर स्वयम् त्यसको पालक वा अनुयायी पनि हो । समाजशास्त्रमा एउटा भनाइ पनि छ "Culture is the Man Made Environment" संस्कृती अन्तर्गत विभिन्न सांस्कृतिक तत्त्वहरु समाविष्ट हुन्छन् । किनभने संस्कृति विभिन्न सांस्कृतिक तत्त्वहरुको मेलबाट बनेको हुन्छ । सांस्कृतिक परिवर्तन भौतिक र अभौतिक दुबै प्रकारको हुन्छ । भौतिक रुपमा मानव निर्मित विभिन्न प्रकारका बस्तुहरुमा आउने परिवर्तनलाई लिन सकिन्छ । यसमा घर, भवन, यातायत, सञ्चार, साधन, लगायत, खानेवस्तुहरुमा हुने परिवर्तनहरु पर्दछन् भने अभौतिक रुपमा मावन सोच, बसाइँसराई, विचार, अवस्था, आदिमा आउने परिवर्तनहरुलाई समावेश गर्न सकिन्छ । सांस्कृतिक, परिवर्तन प्रत्यक्ष रुपमा संस्कृतिसँग जोडिएको छ । त्यसैले हामीले यसलाई संस्कृतिको परिवर्तनको रुपमा बुझ्न सक्दछौ ।

## २.२पूर्व साहित्यको समीक्षा

विविधतायुक्त नेपाली समाजको एउटा प्रमुख जाति मगरको आफ्नै भाषा, संस्कृति र विशिष्ट मौलिक परम्पराहरु छन् । प्राचीनकालदेखि नेपालमा बसोबास गर्दै आएका मगरहरुको आधुनिक नेपाल निर्माणमा मह[illegible]वपूर्ण भूमिका रहेको छ । मगरहरुको मुख्य बसोबास क्षेत्र गण्डकी र राप्ती क्षेत्रहरु भए पनि हाल नेपाल भरि छरिएर रहेका छन् ( सिंजाली, २०७१) ।

नेपालमा बसोबास गर्ने जातजातिहरुको संस्कृति, भाषा, धर्म, रहन सहन, रीतिरिवाज आदि अवस्थालाई अनुसन्धान गरी त्यसलाई संरक्षण सम्बर्धन गर्नु सम्पूर्ण जाति र समुदायहरुको साझा फूलबारीको रुपमा स्थायी बनाउनु हो । नेपालमा रहेका प्रमुख जनजातिहरुको तथ्याङ्क यस प्रकार छ, मगर २०१३, ४९८ (६.९ प्रतिशत), थारु १८, ०८,१२४ (६.२ प्रतिशत), तामाङ (१६,३९, ८६६ (५.६२ प्रतिशत),नेवार १४,१८,६७७ (४.६ प्रतिशत र राई, ६,४०,६७४ (२.२ प्रतिशत रहेको पाइन्छ (राष्ट्रिय जनगणना, २०७८) ।

विवाह उत्पत्ति कहिले र कहाँदेखि सुरुवात भएको हो, भनि एकिन गर्न सकिएको छैन । यो मानव विकासको सुरुवातबाटै भएको अनुमान गर्न सकिन्छ । यसर्थ विवाह भन्ने संस्थाको उत्पत्तिको कुरालाई, विभिन्न स्वरुपहरु भएका समयमा हुने र त्यसको प्रकृति समयको बदलिदो अन्तरसँगै बदलिने हुँदा विवाहका सम्पूर्ण स्वरुपलाई एउटै मापदण्डमा राखेर विश्लेषण गर्न उपयुक्त देखिदैन (ओझा, २०७२) ।

बुद्धले मामाकी छोरी बिहे गरेका थिए । मगरहरुले पनि मामाकी छोरी हकै लाग्ने गरी बिहे गर्छन् । बुद्धकालिन समयमा विधवा भाउनुलाई देवरले विवाह गर्ने प्रचलन थियो र आज पनि मगरहरुले विधुवा भाउजुलाई विवाह गरेकै छन् र यो परम्परा बौद्धकालिन परम्परासँग सम्बन्धित छ (मगर, २०७९) ।

मगर समाजमा परम्परागत रुपमा प्रचलित विवाह संस्कारमा परिवर्तन आएको छ । मगनी विवाह मगरहरुको प्रचलित  विवाह हो । सुरुमा दहीको ठेकी लिई केटी माग्ने परम्परामा हाल केटाकेटीको आपसी सम्पर्कले प्रेम विवाहको प्रचलन बढेको छ । परम्परागत मगनी विवाहमा अपनाइने प्रक्रियामा सिंगो मगर समाजमा रहेका व्यक्तिको आ-आफ्नै भूमिका रहन्थ्यो मगर समाजमा ठुलो पर्वकै रुपमा विवाह कार्य सम्पन्न गरिन्थ्यो । विवाह प्रक्रियाका चरणहरु लामो हुने हुनाले इष्टमित्र र नाता कुटुम्वमा नयाँ सम्बन्धको सुरुवातसँगै नयाँ भूमिकाहरु सृजना हुने गर्दथ्यो । विवाह संस्कारमा अपनाइनु पर्ने विविध परम्परागत विधि पूरा गर्नुपर्दथ्यो तर हाल विवाह पद्धतिमा पालना गर्ने सम्पूर्ण विधिहरुमा कमी आएको छ । विवाहको प्रकारहरुमा फेरबदल भएको छ । परम्परागत विवाहका मुल्य-मान्यतामा फरकपन आएको छ । यसैगरी मगर समाजमा आफ्नै जात भित्रमात्र विवाह गर्ने प्रचलनमा कमी आई अन्तरजातीय विवाहले मान्यता पाउँदै गएको छ । मगरहरुमा हुने गरेको दाजुको मृत्यु पछि भाउजु विवाहको प्रचलनमा धेरै कमी आएको छ । यसै गरी मामाचेली, फूपुचेला विवाहको हक र वाध्यता पनि स्वइच्छाले कार्य गर्न सक्ने वातावरण बनिरहेको छ । यसरी समग्रमा मगर समाजमा प्रचलित विवाह प्रकार र विधिमा परिवर्तन आई मगर समाजमा प्रचलित परम्परागत विवाह संस्कारमा फरकपन देखिएको छ (सिंह, २०६५) ।

दाजुको शेषपछि कसै-कसैले भाउजु बेहोर्ने गरेको पाइन्छ । देवरले भाउजुलाई चुरा लगाइदिएपछि दाजूको छोराछोरी र सम्पत्तिको जिम्मा भाइले लिने गर्दछन र देवर भाउजूलाई समाजले पतिपत्नीको रूपमा स्वीकार्दछ । तर दाजू हुँदाहुदै भाउजुसँग अनैतिक सम्बन्ध राखेमा सामाजिक सजायँ भोग्नु पर्दछ । यस्ता ‘हाडफोड भाई’ लाई भान्सा र वंशबाट अलग गराउने गरिन्छ  (बराल, २०५०) ।

मगर जातिमा मामाचेली र फूपुचेलामा वैवाहिक सम्बन्ध प्रचालित रहेको पाइन्छ भने मामाचेला र फूपुचेलीमा वैवाहिक सम्बन्ध रहेको पाईँदैन । मगर जातिमा मामाकी छोरी

रोजी-रोजी भन्ने भनाइअनुसार प्रायः सालीलाई नै विवाह गर्ने हकलाग्ने र भान्जाले मन नपराएमा वा अन्य ठाउँमा विवाह गरेमा मात्र छोरी अरुलाई दिने चलन छ (श्रीस, २०३८)।

मगर समाजमा विधवा र विधुर विवाहलाई मान्यता दिइन्छ। लोग्नेको मृत्यु पछि स्वास्नी पोइलजाने गरेको पाइन्छ। यसरी पोइला गएकी स्वास्नी मानिसलाई समाजमाहेयको दृष्टिले हेर्ने गरिदैन (बुडा, २०५३)।

मगर जातिमा प्रायः आफ्ना दिदि बहिनीको छोरालाई छोरी दिने वा मामाकी छोरीलाई विवाह गर्ने चलन छ। यस चलनलाई मामाचेली फूपुचेला विवाह भन्ने गरेको पाइन्छ। मगर जातिमा दुलाही भित्र्याउँदा दैलोमा कुखुराको भाले पूजा गर्ने परम्परा प्रायः सबै ठाउँका मगरमा पाइन्छ। कुखुरा काट्ने काम कतै कुटुम्बले गर्दछ् भने कुनै ठाउँमा कुलका दाजुभाइले नै गर्दछन् (बराल मगर, २०५०)।

उत्तरतिरका मगरहरूमा बढिजसो केटी भगाएर लैजाने प्रथा कायम छ, तर दक्षिणतिरका मगरहरूमा थोरैमा मात्र यो प्रथा कायम छ। उनीहरूले केटीको घरमा सौगात पुऱ्याउँछन र सो स्वीकार भएपछि विवाह पक्का भएको मानिन्छ (विष्ट, १९९६)।

रुकुम र रोल्पा जिल्लामा प्रायः मामाको छोरी र प्रेम विवाह गर्दा अरु (मगर) को छोरी नै विवाह गर्ने चलन रहेको, मामाको छोरी माग्न केटाको आमा बाबु गएर कुरा चलाउने, कुरा छिनेपछि रोटी, रक्सी, अचार, राँगा वा खसी रीत बुझाउने, राम्रो दिन हेरेर विवाह गर्ने (बाहुन प्रयोग नगर्ने), सिन्दुर नहाल्ने, दुलाहाको घरमा लगेपछि कुललाई 'ध्वजा' चढाईदिने, टीका लगाईदिने र सासु भए सासु बहिर निस्कने र दुलही भित्र हुल्ने (भित्र पसाल्ने), भोलिपल्ट दुलाहा दुलही र केही आफन्तहरू बोका, खसी, लिएर बाजा गाजाका साथ दुलहीको माइत फर्कने र माइतमा टिका लगाइदिने, गोडा धुने र जिन्सी सामान उपहार दिई फर्काउने, त्यसपछि माइतीले तोकेको दिनमा आउने चलन छ (थापा, २०६३)।

मगरहरु विवाहित आईमाईहरु अर्को पुरुषसँग गएको पनि पाइन्छ। यस्तो अवस्थामा पहिलेको लोग्नेलाई पछिको लोग्नेले जारी बुझाउँनुपर्दछ। अचेल जारबाट साधुले जारी लिने प्रचलन हट्दै गएको छ तापनि साधुले आफ्नो धनमाल चाहिँ कचहरी राखेर बुझ्ने गर्दछन् (बराल,२०५०)।

मगर जातिको बारेमा अध्ययन गर्ने क्रममा शिखरनाथ सुवेदीले थर गोत्र प्रावली बनारस, यशोधा पुस्तकालयमा एक कविताको माध्यमबाट यसरी प्रस्तुत गरेको पाइन्छ।

मामाकी छोरीसित यिनको हक लाग्छ ।
भानिज छैन भने आरकाले माग्छ ॥
ठकुरी मगरको यति यौटा खुन छ ।
मामाकी छोरीसित बिहेबारी हुन्छ (सुवेदी, २०५४) ॥

मगरहरुमा मामाचेली फुपुचेला विवाह हुने प्रचलन अझै पनि कायमै छ । यसरी नजिकको नातामा विवाह गर्दा जन्मने बच्चामा लुप्त बंशाणुगत रोगहरु देखा पर्न सक्छ भन्ने सचेतनामा कमी पाइन्छ । मगरहरुमा मागी विवाह र प्रेम विवाह दुवै हुने गरेको पाइन्छ । जे सुकै भए पनि रीत फुकाउन “ढोगभेट फसाक्के” संस्कार गर्छन । (सिंजाली, २०७१) ।

समाजमा पुँजीवादले डोऱ्याउने र निर्देशित गर्ने एउटै मात्र विवाह पद्धति प्रेम विवाह हुन सक्छ । सामान्तवादी अर्थ-राजनीतिको वैवाहिक पाटो मागी विवाह बनेझै पुँजविादी अर्थ- राजनीतिको वैवाहिक पाटो प्रेम विवाह बन्छ । कम खर्चिलो तडक भडकरहित थोरै मात्र पाहुना बोलाइएको आदि विवाहलाई प्रगतिशील र कहिलेकाहीँ समाजवादी विवाह भन्ने गरिएको पनि पाइन्छ ।अर्कोतिर मागी विवाहभन्दा प्रेम विवाह समाजवादसम्मत वा समाजवाद उन्मुख भन्ने धारणा अन्तर्गत वाम-समाजवादी दल र संगठनले प्रेम विवाहलाई वकालत गरेको पाइन्छ (मिश्र, २०५७) ।

पाल्पाली मगरहरुमा विवाहको कुरा छिन्न जाँदा अथवा बराउनी गर्न जाँदा दहीको ठेकी लिएर जाने प्रचलनलाई “ठेकी लाउने” भन्ने चलन छ । तराईवासीहरुमा “गौना” भने जस्तै मगर समाजमा प्रचलित यो परम्परामा वर र कन्याको पूर्व निर्णयको सूचक “ठेकी लाउने” शब्द प्रचलनमा छ (बुडा मगर,२०५३) ।

मगर जातिले विहावारी गर्दा सकेसम्म जातभित्र नै गर्छन् । मामाचेली र फुपुचेला भित्र विवाह गर्नु प्राथमिकतामा राख्छन् । आफ्नै थरभित्र भने वैवाहिक सम्बन्ध गाँस्दैनन् । थरदेखि बाहिर रोकतोक छैन । मगरहरूले वाहुन पुरोहित राखेर विवाह गराउने गर्दथे । त्यसैले बाहुन, क्षेत्री र मगर विवाह पद्धति एउटै हुन्थ्यो । तर आजभोलि मगरहरूको सामाजिक संस्था लाङघाली संघले मगरहरूले बाहुन पुरोहित राख्न नपाउने पुरोहितलाई पनि मगरहरूका घरमा पुरोहित कम गर्न जान नदिने नीति लिएका कारण अब मगरहरू र बाहुन क्षेत्रीहरूको विवाहपद्धतिमा भिन्नता देखा पर्न थालेको छ (लामा,२०६५) ।

यस जातिमा छोरा छोरी बयस्क भएपछि विवाहको कुरा आउछ । विवाह चोरी मागी गरी दुई किसिमले गरिन्छ । चोरी विवाहमा विवाह गरिने केटाले केटीलाई केटाले भगाएर लगेको हुन्छ । हुन त चोरी भनिए पनि घरायसी सल्लाहबाटै  भगाइएको हुन्छ । आर्थिक अवस्था अनुसार छोरी विवाह वा मागी विवाहको निर्णय गरिन्छ । खर्च  धान्न नसके चोरेर लैजानु भनेर केटीका बाबुआमाले भनेपछि केटी राजी गराएपछि मात्र भगाएर लगिन्छ । परम्परागत रुपमा भान्जाले छोरी विवाह गर्ने चलन छ । केटाले आफ्नो घरमा लगेर सिन्दुर पोते गर्दछन् यसरी सिन्दुर पोते गरेको भोलिपल्ट चोरको स्वर फर्काउउने चलन छ । यदि भोलिपल्टै  नआए केटी पक्षकाले छोरी खोज्ने चलन छ । जब जुवाँई रीत फर्काउन आउछन् त्यस समयमा जति ढिलो रीत फर्काइएको छ, त्यति धेरै छोरी खोजेको खर्च आदि भन्दै डाड्ने चलन छ ।  यसरी डाँड्दा चामल, सुँगुर, खसी, कुखुरा, जाँड, रक्सी, र पेरुङ्गामा तोरीको साग दुना टपरी गास्ने, पातको मुठो सिन्का, माछा, सिद्रा  मर्चा सेलरोटी सहित तिर्ने चलन  छ । जन्तीले लगेको सामानहरुलाई बन्दुकलेबाटो छेकी बेहुलाबाट पैसा डाँड्ने, जन्ती बेहुलीका घर पुग्नेबेलामा दहीको ठेकी पठाउने चलन छ । दहीको ठेकीबेहुलाको आगमनको सूचना हो । जब दहीको ठेकीबेहुलीका घर पुग्दछन् । नानाभाँतीकामालाहरु जस्तै कसैलाई पातको कसैलाई जुत्ताको कसैलाई फलफूल र सागपातको तथा कसैकसैलाई खुर्सानीको धुँवा पनि लगाइदिने चलनछ । बेहुलीको घरमा पुगेपछि बेहुला बेहुलीलाई भतेरमा लगेर जोर भाग दिने गरिन्छ । भतेर सकेर माइती मावलीको टीका समेत दुधौली विसौली ज्वाई छोरीले आमालाई दिएर ढोग्ने चलन छ । दुधौली विसोली गरेपछि विवाह सकिन्छ । बेहुली घरबाट फर्किदा बाटोमा पर्ने खोला अथावा खोल्सीमा माछा चढाउने चलन छ । बेहुलाको घरमा पुगेर चेली बेटीले ढोका छेक्ने चलन छ । ढोका छेकेको भाग पाएपछि ढोका छोडिदिन्छन बेहुली भित्रिएपछि  सासु बुहारीले पाथी भने त्यसरी पाथी माना धान र धानमा पैसा राखिएको हुन्छ । पैसा कसैले भेट बुहारीलाई दिने चलन छ (तिम्सिना,२०१०) ।

मगर जातिमा विधुवा महिलालाई विवाह गर्न समाजले मान्यता दिन्छ । यदि सधवा महिला आफ्नो पति छोडेर अर्को पुरुषसँग पोइला गएमा नयाँ लोग्नेले पुरानो लोग्नेलाई जारी वापत केही रकम बुझाएर गरिने विवाहलाई जारी विवाह भनिन्छ । जारी तिरीसकेपछि मात्र समाजबाट सो विवाहले मान्यता पाउँछ । आजभोली मगर समाजमा जारी लिने प्रचलन हराउँदै गएको छ ।(बराल मगर, २०५०)

कुनै कुनै मगरहरुमा मरेको जन्मने वा जन्मे पनि धेरै नबाच्ने भएमा त्यसपछि जन्मिएको छोरीको न्वारनमा भान्जाले धागो बाँधेमा बालिकाको मृत्यु हुदैन भन्ने विश्वासमा भान्जालाई बोलाएर धागो बाँधि दिने गर्दछन् । यसरी धागो बाँधेको भान्जा हुँदाहुँदै मामाको छोरीले अन्यत्र विवाह गरेमा भान्जालाई जारी तिर्नुपर्छ । केही गरी उक्त केटीको विवाह गर्ने केटाले जारी तिर्दिन भनेको खण्डमा मामाले भए पनि जारी तिर्नुपर्दछ । तर हिजोआज यो प्रचलनमा परिवर्तन आएको छ । (घर्ती क्षेत्री, २०६७)

उल्लेखित सबै अध्ययनलाई समग्रमा हेर्दा मगर जातिको इतिहासको पूर्व जन-जीवनलाई आधार मानी गरिएको देखिन्छ । प्रस्तुत विचारहरु शोध अध्ययनको क्षेत्र र विषयलाई सहयोग पुग्ने खालका रहेपनि थप कुराहरु सम्बन्धमा अध्ययन गरी यस शोधकार्य सम्बन्धित वियमा स्पष्ट धारणा प्रस्तुत गर्ने प्रयासमा जुटेको छ । प्रस्तुत शोध तयार पार्ने क्रममा उल्लेखित विचार र अभिव्यक्तिलाई मात्र आधार नमानी प्रश्नावलीको आधारमा तयार पारिएको छ । उक्त प्रश्नावली सम्बन्धित विशेषज्ञ तथा मगर समुदायका विद्वानहरु समक्ष पुऱ्याई सक्दो वास्तविकताको खोजी र त्यसलाई शोधकार्यसँग सामान्यीकरण गर्ने प्रयास गरिएको छ ।

# अध्यायतीन

## अनुसन्धान विधि र प्रक्रिया

### ३.१ अध्ययन क्षेत्र छनोटको औचित्य

यस अनुसन्धानको अध्ययन क्षेत्रका रूपमा पाल्पा जिल्लाअन्तर्गत वगनासकाली गाउँपालिका वडा नं. ५ दर्लमडाँडाका बसोबास गर्ने मगरहरूलाई लिइएको छ । मगर जातिको बाहुल्यता भएको यस गाउँपालिका वडा न. ५दर्लमडाँडाका मगरहरूको विवाह पद्धति आफ्नै मौलिक खालको हुनाले यिनीहरूको बारेमा विस्तृत अध्ययन भने भएको पाइदैन । यो अध्ययनबाट यस क्षेत्रका मगरहरूको विवाह पद्धतिमा आएको परिवर्तन र कारणहरुलाई हेर्न सकिने, सिङ्गो मगर जातिको लागि मह□वपूर्ण हुने भएको र मगर जातिको विवाह पद्धतिको बारेमा अध्ययन गर्ने रूचि भएकोले यस क्षेत्रलाई अध्ययन क्षेत्रको छनोटका रूपमा लिइएको छ ।

### ३.२ अनुसन्धानको ढाँचा

यस अध्ययनको ढाँचा वर्णनात्मक र विश्लेषणात्मक किसिमको छ । यसमा मगरहरुको विवाह संस्कृतिबारे अध्ययन गर्दा विवाहको प्रकार, प्रचलन, विधि, संस्कार आदिको वर्णात्मक तरिकाले अध्ययन गरिएको छ । परम्परागत विवाह संस्कृतिमा आएको परिवर्तनको अवस्था र तिनका कारणहरुको विश्लेषण गरिएको छ ।

### ३.३जनसंख्या तथा नमुना छनोट

नमूना छनोट गर्दा पाल्पा जिल्ला बगनासकाली गाउँपालिकाको वडा नं. ५ दर्लमडाँडा अन्तरगत पर्ने दर्लम, राम्दी, भरेक्टुङ, तल्लो कोल्डाँडा, माथिल्लो कोल्डाँडा, गरन्डाँडा, दरुंगा र गेफ्रामा रहेका १८८ घरधुरी मध्येबाट सम्भावना रहित नमूना छनोट अन्तरर्गत सुविधाजनक नमूना छनोटको आधारमा ५० घरधुरीका १/१ जना उत्तरदाता अध्ययन प्रयोजनका लागि नमूनाको रुपमा छनोट गरिएको छ ।

### ३.४ तथ्याङ्क  संकलनको श्रोत र प्रकृति

यस अध्ययनमा प्राथमिक र द्वितिय दुवै स्रोत प्रयोग गरिएको छ । प्राथमिक स्रोत अर्न्तगत अध्ययन क्षेत्रमा गएर सुचनादातासँग अन्तरवार्ता, स्थलगत अवलोकनका माध्यमबाट तथ्याङ्कहरु संकलन गरिएको छ भने दोस्रो तहको तथ्याङ्कको रुपमा केन्द्रिय

तथ्याङ्क विभाग, गाउँपालिकाको कार्यालयबाट प्राप्त रेकर्ड, विभिन्न विद्वानहरुबाट हालसम्म प्रकाशित कृतिहरु र सम्बन्धित पत्र पत्रिका, लेख, रचना, प्रतिवेदनलाई लिइएको छ ।

### ३.५ तथ्यांक संकलनका विधिहरू

#### ३.५.१ अवलोकन

यस अवलोकन विधिका माध्यमद्वारा अध्ययन गर्दा मगरहरूको विवाह पद्वतिमा प्रत्यक्ष संलग्न भई उनीहरूको विवाह पद्धति कस्तो किसिमको छ भन्ने बारे अध्ययन गरी आवश्यक तथ्यांक संकलन गरिएको छ ।

#### ३.५.२ अन्तरवार्ता

आवश्यक सूचनाहरु संकलन गर्नको लागि अध्ययन क्षेत्र (मगर समुदाय) का ५० जना शिक्षितसाक्षर, बुढापाका, अनुभवी, जानकार र विशिष्ट मगर गन्यमान्य व्यक्तिहरुसँग विवाह गर्ने तरीका, विवाहको प्रकार, केटी कसरी र को मार्फत माग्ने, अन्तरजातीय विवाहलाई कसरी हेर्दछन् र विवाहले कस्तो सामाजिक सम्बन्ध निर्माण गर्दछ भनी संरचित प्रश्नावलीको माध्यमबाट अन्तरवार्ता लिई तथ्याङ्क सङ्कलन गरिएको छ ।

### ३.६ तथ्याङ्कको विश्लेषण

विभिन्न माध्यमबाट उपलब्ध तथ्याङ्कहरूलाई तथ्याङ्कको प्रकृति अनुसार तालिकीकरण र वर्गीकरण गरी व्याख्या विश्लेषण गरिएको छ । विभिन्न खालका गुणात्मक तथा परिमाणात्मक तथ्याङ्कहरू विभिन्न माध्यमहरू जस्तैः पत्रपत्रिका, गा.पा. कार्यालय, वडा कार्यालय, तथ्याङ्क कार्यालय पाल्पा, केन्द्रीय तथ्याङ्क विभागबाट सङ्कलन गरिएको छ ।

### ३.७अध्ययनको सीमा

अध्ययनलाई सर्वकालीन, सर्वदेशीय रसर्वपक्षीयसँग अनुकुल वनाउन अत्यन्त सजकता अपनाइएको छ । यस अनुसन्धान विषयले मगरजातिमा विवाहको संस्थागत अध्ययन गर्ने, मगर जातिको विवाह पद्धतिमा आएको परिवर्तन र यसको कारणसँग सम्बन्धित कारणहरु पत्ता लगाउने उद्देश्य राखेकोले ती उद्देश्यहरुको परिपूर्ति गर्ने तर्फ मात्र अध्ययन केन्द्रित रहेको छ । यो अध्ययन पाल्पा जिल्ला वगनासकाली गाउँपालिका वडा नं. ५ दर्लमडाँडाका ५० घरधुरीमा मात्र सीमित रहेको छ ।

# परिच्छेद चार

## मगर जातिको विवाह पद्धतिमा आएको परिवर्तन र यसका कारणहरु

### ४.१ मगर जातिको परिचय

मगरहरु नेपालको आदिवासी जनजाति मध्ये एक हुन भन्नेमा कसैको दुईमत हुदैन । मगर जातिको उत्पत्ति र नामाकरण सम्बन्धमा आजसम्म लेखिएका र उपलब्ध भएका साहित्यको सर्वेक्षण गरेमा विभिन्न विद्वानहरुले विभिन्न किसिमका तर्कहरु दिएका छन । पृथ्विनारायन शाहले आफ्नो दिव्य उपदेशमा नेपाललाई चार वर्ण छत्तीस जातको साझा फूलबारी हो भनेका छन । नेपाल एक सानो देश भएतापनि यहाँ विभिन्न जातिका मानिसहरुको बसोबास रहेको छ । ती जातिहरु मध्ये मगर जाति पनि नेपालको एक प्रमुख जातिको रुपमा रहेको पाइन्छ । नेपाल अधिराज्यलाई भूगोलका ज्ञाताहरुले तीन भागमा विभाजन गरेका छन । कोशी, गण्डकी र कर्णाली प्रदेश यि तीन प्रदेशलाई किराँत, मगराँत र खसान्त पनि भन्ने गर्दछन । (मल्ल,२०३२)

मगरहरु पश्चिम भेगबाट नेपाल प्रवेश गरेका हुन भन्ने तथ्यलाई स्वीकार्ने हो भने महाकाली र सेतीमा मगरहरुको बसोबास पश्चिम र पूर्व नेपालमा जस्तो पाइदैन । पाल्पा जिल्लामा पनि मगरहरु उत्तर पूर्वबाट आएका हुन भन्ने भनाई पाइन्छ । (श्रेष्ठ,२०३४)

भूगर्भ शास्त्रीहरुको भनाई अनुसार आजभन्दा चार हजार अगाडि इसापूर्व ३१०० मा चीनको ऐतिहासिक वृत्तान्तमा मंगोलिया देशको दक्षिण, पामीर पठारदेखि पूर्व र तिब्बत देखि उत्तरको क्षेत्रमा भीषण प्रलय हुदा सामुन्द्रीक आँधीले मरुभूमि बनाएपछि त्यस क्षेत्रको मानिसहरु अन्यत्र बसाई सर्न बाध्य हुनु परेको थियो । विनासकारी प्रलयको घटनालाई बाइबल, मनुस्मृति, किराँत मुन्धुममा पनि उल्लेख गरिएको छ । त्यस क्षेत्रको मंगोलहरु जीविकाको खोजीमा र प्राकृतिप्रकोपबाट बाच्न नयाँ ठाउँमा चार हजार वर्ष अगाडि बसाई सर्ने क्रममा आजका मगर लगायत मंगोल वंशजहरु भारतीय महादीपमा प्रवेश गरेका थिए । नेपालको प्रमुख प्राचीन वंशहरु मध्यको मगर वंशको उत्पत्ति थलो सम्बन्धमा उत्तर (तिब्बत) तिरबाट हुणहरुकै साथ आएका हेप्तालहरु (सेतो हुण) नै मगर भएका हुन (दहाल, २०५६) ।

इस्वी पाँचौ शताब्दीतिर मध्य एशियामा चीन र रुस बिच स्टेप्सा मैदानमा एउटा विशाल घोडचढीको युग थियो । पछि यिनै घोडचढीलाई टर्की मंगोल जाति पनि भनिन्थ्यो ।

यी मध्यको एक थरी जाति हुण थियो ।यिनीहरु युरोप र एशियामा धेरै देशहरुलाई काबुमा राखेका थिए । सबैभन्दा लडाकु जानी हुणहरुले हंगेरी र रोमलाई थर्काउनुका साथै पूर्वमा बेइजिङ सम्म पुगेका थिए । मंगोलियाका मगर सेनाले भोट तिब्बत देखि लिएर मध्ये नेपाल समेत कब्जा गरेका थिए (बुडा मगर, २०४९) ।

कालिगण्डकी भन्दा पश्चिम, कर्णाली भन्दा पूर्व चुरे वा शिवालिक पर्वत श्रृखला भन्दा उत्तर र अति हिमपात हुने हिमाली भाग भन्दा दक्षिणको भू-भाग मगरहरुको मूल थलो हो, जसलाई पहिले मगरात भनिन्थ्यो । (शर्मा, २०४९)

मगर जाति आफ्नै मौलिक संस्कृति, भाषा, धर्म एंव सामाजिक परम्पराले सम्पन्न छ । यसप्रकार विभिन्न ठाउँमा बसोबास गरेका भोट बर्मेली भाषा बोल्ने मगर जातिको पनि आफ्नै भाषा, इतिहास र संस्कृति छ ।

## ४.२दर्लमडाँडाका मगरहरुमा प्रचलित विवाह पद्धतिहरु

### ४.२.१ लगन्या विवाह (मागी विवाह)

मागी विवाह मगर समुदायमा परम्परागत रुपमा चल्दै आएको विवाह हो । मागी विवाह भन्नाले अभिभावकहरुको इच्छा अनुसार केटा तर्फबाट सबै प्रक्रिया पुऱ्याएर केटी मागी गरिने विवाहलाई मागी विवाह भनिन्छ । यसमा केटाकेटी बिच प्रेम बसेको भएतापनि केटाले केटीले मागेर नै विवाह गर्दछन । मागी विवाहमा पहिला केटा पक्षले कुरा उठाउने गर्दछन । यसरी केटी माग्न जादा केटाकेटी र अभिभावकको सामाजिक तथा आर्थिक स्तरलाई पनि केहि हदसम्म भएपनि हेर्ने गरिन्छ । मागी विवाहलाई निम्नानुसार प्रस्तुत गर्न सकिन्छ ।

#### क) केटी माग्ने चरण

यस केटी माग्ने चरणमा केटा पक्षको अभिभावकले आफुलाई र आफ्नो छोरालाई मन परेको केटीलाई माग्न, केटीको अभिभावकसंग विवाहको बारेमा कुरा चलाउछन । यसरी कुरा चलाउदा केटी पक्षबाट सकारात्मक संकेत आएमा केटी माग्न गइन्छ । केटीले पनि आफु विवाह गर्न मन्जुर भएको बताएमा केटा पक्षले जाडँ, रक्सी, दहिको ठेकी लिएर केटी पक्षलाई बुझाउने गर्दछन ।

**ख) दुलही भि□याउने चरण**

केटी पक्ष सहमत भइसके पछि दुबै पक्षको सल्लाहमा उपयुक्त साइतमा केटा पक्ष दुलही लिन केटीको घरमा जन्छन् र केटीको आमाबाबुको मञ्जुरीमा केटीलाई लिएर फर्किन्छन् र केटाको घरमा दुलही ल्याइसकेपछि भान्जा र दाजुभाइलाई बोलाइन्छ । भान्जाले ढोकामा पूजा गरेर कुखुराको भाले काट्छन् र ढोकामा भालेको रगत चुहाउँछन् त्यही रगत कुल्चेर दुलाहा दुलही घरभित्र प्रवेश गर्छन । त्यसपछि १३ दिने दाजुभाइहरु सबैले दुलाहा दुलहीलाई टीका लगाइदिन्छन् र दुलाहा दुलहीले सबै मान्यजनलाई ढोग्छन् । त्यसपछि बारा-रोटी, मासु, जाँड, रक्सी आदि खान्छन् ।

त्यसको भोलिपल्ट ब्राह्मण पण्डित बोलाएर भान्जा र दाजुभाइले ब्राह्मणहरुको जस्तै जग्गे बनाउँछन् । ब्राह्मण पण्डितलाई बोलाएर ब्राह्मणको जस्तै विधिले पण्डितले पूजा पाठ गर्दछन् र केटाले केटीलाई सिन्दुर लगाइदिन्छ । आज भोलि शहरतिर बसाइँ सरेका मगरहरुले पुरोहित बोलाएर विवाहको सम्पूर्ण प्रक्रिया बौद्ध धर्म अनुसार गर्दछन् । त्यसपछि केटा र केटीले सबै मान्यजनलाई ढोग्छन् र भोजको कार्यक्रम हुन्छ ।

**ग) ढोगभेटको चरण**

दुलही भित्र्याइसकेपछि ढोगभेटको कार्यक्रम हुन्छ । दुलही भि□याएको ३ दिन पछि केटा पक्षले केटी पक्षको माइती मावलीमा ढोगभेट कहिले आउने आउने भनेर सोध्न जाने चरण नै ढोगभेटको चरण हो । केटा पक्षले सोध्न जाने बेलामा दहिको ठेकी बोकेर केटी पक्षको माइतीमा सोध्न जान्छन । अनि दुवै पक्षबिच बसेर ढोगभेटको दिन र ढोगभेटमा ल्याउनु पर्ने पाहुरपात तोकिन्छ । केटा पक्षले, केटी पक्षले मागे जति रक्सी, मासु,लुगा कपडाहरु लिएर जानुपर्ने हुन्छ ।

यसरी ढोगभेटमा जादा केटा र केटी दुलाहा र दुलही बनेर जन्तीका साथ माइतीमा जान्छन । जन्तीहरु दुलाहीको घर पुगे पछि अक्षता टीकाले पर्सेर टीका र माला लगाई स्वागत गरिन्छ । केटा पक्षले लगेको कोशेलीहरु माइती पक्षलाई बुझाइन्छ । त्यसपछि दुलाहाको बुबाको भान्जा, भान्जा नभए भेना वा ज्वाइँ अथवा दुलाहाको भेनाजू वा ज्वाइँ वा फूपाजूले दुलहीको घरको ढोकामा भाले पूजा गर्छन् । त्यसपछि दुलाहा दुलही घरभित्र पस्ने बेलामा सालीहरुले ढोका छेक्छन् र सालीहरुको माग अनुसार रकम बुझाई दुलाहा दुलही घरभित्र प्रवेश गर्छन । माइतीमा केटाकेटीलाई टीका लगाउँदै आफन्त चिनाउने र दक्षिणा

तथा उपहार दिने कार्यक्रमगर्दछन । माइतीमा भोजको व्यवस्था हुन्छ । जन्तीहरुलाई खानपिनको व्यवस्था गर्दछन । यसरी टीकाटालो, चिनाजान, परिचय आदि जस्ता कार्यक्रम सकेपछि खानपिन गराएर झामरे नाचको कार्यक्रम गरी माइती पक्षले आफ्नो क्षमता अनुसारको दाइजो दिएर जन्तीका साथ दुलाहा दुलहीलाई बिदा गरिदिन्छन । जन्तीहरु फर्किएर दुलाहाको घर पुग्दा अक्षता टीका पर्सिएर स्वागत गरिन्छ । त्यसपछि दुलाहा दुलहीले सबै मान्यजनलाई ढोग्छन र खानपिन भएपछि रातभरी झामरे नाचेर रमाइलो गरिन्छ ।

**घ) दुल्हन फर्काउने चरण**

विवाह भएको तिन दिनपछि कन्या र पाहुर पात बोकर ससुराली जाने चरणलाई दुल्हन फर्काउने भनिन्छ । तिनीहरु ससुराली गएर एक रात बसेर फर्कने गर्दछन् । दुल्हन फर्काउन गएको भोलिपल्ट माइतबाट फर्कदा दुलहीको आमाबुवा लगाएत अन्य नातेदारहरु पनि दुलाहाको घर हेर्न भनी साथै आउने गर्दछन । यसलाई दैलो कुल्चने भनिन्छ । दैलो कुल्चन आउदा माइतीले छोरीको दैलोमा पैसा राखेर ढोगेर मात्र पस्ने गर्दछन । माइतीलाई त्यो दिन विभिन्न परिकारहरु बनाएर खुवाउने गर्दछन । यसरी मगर समुदायको मागी विवाह सम्पन्न हुन्छ ।

**४.२.२ मागीविवाहमा विभिन्न व्यक्तिहरुको भूमिका**

मगर समाजमा विवाह गर्दा विभिन्न व्यक्तिहरुले निभाउने भूमिका आ आफ्नै किसिमका छन । जुन निम्न छन ।

**क) पण्डित**

विवाह सम्पन्न गर्दा पण्डितको महत्वपूर्ण भूमिका रहन्छ । पण्डित बिना विवाह सम्पन्न हुन सक्दैन । विवाह गर्दा दुलही भि□याउने देखि लिएर माइती नभेट्ने बेलासम्म पण्डितको आफ्नै भूमिका रहन्छ । दुलही भि□याउदा फूलमाला, मन्त्र जप्ने, समय, घडीपला सहित दिन हेर्नेशुभ दिन हेर्ने सबै काम पण्डितलाई नै जिम्मा दिइन्छ ।

**ख) जोले**

केटा पक्षको जान्ने बुझ्ने, पाको, टाठो बाठो १ जना व्यक्तिलाई जोले बनाइन्छ । जोलेले दुलही भि□याएको ३ दिनको दिन केटीको घरमा गई केटी पक्षसँग बार्ता गर्ने, ढोग

भेटको दिन निधो गर्ने, कोशेलीहरु बारा, रक्सी, मासु, कपडाहरु कति ल्याउने भनेर निधो गर्ने गर्दछन् । त्यसपछि केटाको बाबुआमासँग सल्लाह गरी सबै सामान जुटाउने र ढोगभेटको चाँजोपाँजो मिलाउँछन् । ढोगभेटको दिन जन्तीलिएर केटीको घरमा जाने, विवाहमा सबै प्रक्रियाहरु ढोगभेट, उपहार आदानप्रदान, नाचगान आदि पूरा भएपछि केटी पक्षबाट प्राप्त दाइजो सहित जन्तीलाई सकुशल केटाको घरसम्म पु¥याउने जिम्मेवारी हुन्छ ।

**ग) भान्जा**

मगरहरुको विवाह गर्दा विवाहमा भान्जाले बढि काम गर्नुपर्दछ । दुलही भि याउदा दुलाहाको घरको ढोकामा भाले पूजा गर्ने, जग्गे तयार गर्ने, ढोगभेटको दिन दुलहीको घरमा ढोकामा भाले पूजा गर्ने जिम्मेवारी भान्जाको हुन्छ ।

**घ) लोकन्त/लोकन्ती**

विवाहमा लोकन्तले दुलाहाको साथी  र लोकन्तीले दुलहीको साथीको रुपमा भूमिका निर्वाह गर्दछन् ।

**ङ)भाई समूह**

भाई समुह भाई समुहका कुनै सदस्यको विवाह हुँदा सबैले रक्सी, रोटी, पैसा जम्मा गरी सहयोग गर्नुपर्छ । यसका साथै विवाहमा जन्तीलाई खाना बनाउने, खुवाउने, जन्तीलाई आवश्यक परेको सामानहरुको हेरविचार गरिदिने र ढोगभेट गर्न जाँदा सहयोग गर्नुपर्दछ ।

**च) मगर महिलाको भूमिका**

मगर समाजमा अरु समाजको दाँजोमा महिलाको बढी स्वतन्त्रता पाएका हुन्छन । तर महिलालाई पारिवारीक काममा स्वतन्त्रता दिएतापनि परिवारमा पुरुष नै प्रधानता रहेका हुन्छन । (बराल २०५०) यस्तै मगर समाज मूलरुपमा पितृ सत्तात्मक समाज हो र यिनीहरुको वंश परम्परागत पुरुषतिरबाट चलेको हुन्छ । परिवारमा पुरुषको अधिकार बढी हुन्छ । धार्मिक कार्यमा पितृलाई पूजा गरिने र संस्कार कार्यहरु छोराको हातबाट सम्पन्न हुने गर्दछ । यहाँको मगर समाजमा पुरुष प्रधान रहेतापनि यहाँ परिवारमा नारीको स्थान उच्च नै मान्न सकिन्छ । यहाँको मगर समाजमा अन्य जातिको जस्तो श्रीमानको गोडाको जल खानु पर्ने, भान्सा कुर्नुपर्ने  बाध्यता मगर नारीहरुलाई छैन । यहाँको घरको परिवार जस्तै सासु, ससुरा, छोरी, बुहारी एक आपसमा खुलेर कुरा गर्ने बुहारीले घुम्टो राख्न नपर्ने,

स्वास्नी मानिसले पेवा राख्न पाउने र त्यस पेवामा आफू खुसी गर्न पाउने, बुहारीको स्थान सासुको पछि हुनु र घर भित्रको काम सासु बुहारी मिलेर गर्नुबाट पनि नारीको स्थान केही उच्च मान्न सकिन्छ । यहाँ श्रीमतीसंग मेलमिलाप हुन नसकेमा श्रीमती माइती घरमा गएर बस्ने वा पारपाचुके गरेर दोस्रो विवाह गर्नुलाई त्यति नराम्रो मानिदैन । यसका साथै भिन्न चाडपर्व तथा मेलामा पनि छोरी, बुहारीलाई रमाइलो (नाच,गान) गर्न तथा हेर्नलाई छुट दिएको पाइन्छ । शिक्षाको क्षेत्रमा पनि अन्य जातजातिको तुलनामा मगरहरुको छोरीलाई छोरा सरह पढ्न पठाएको पाइन्छ ।

यस प्रकार यहाँको मगर समाजमा नारीको जीवनको सबै पक्षको अध्ययन गर्दा अन्य जातिका नारीको तुलनामा यिनीहरुको स्थान केही मात्रामा भएपनि स्वतन्त्र र उच्च भएको मान्न सकिन्छ ।

### ४.२.३ प्रेम विवाह वा भागी विवाह

केटाकेटीहरु एक अर्कालाई मन पराई आफ्नै राजी खुसीले भागेर गर्ने विवाहलाई प्रेम विवाह भनिन्छ । हाल मगर समाजमा प्रेम विवाह बढी हुने गरेको पाइन्छ । उमेर पुगेका केटा र केटी बिचमा प्रेम बसिसकेपछि केटाले केटी भगाएर लैजाने गर्दछन । भागेर केटाको घरमा गएपछि टीकाटालो गरेर भि याउने गर्दछन । छिमेकी आफन्तहरुलाई सामान्य भोज पनि गर्छन । त्यसपछि केटा पक्षले भागेको तीन दिनमा केटी पक्षको घरमा खबर पठाउछन अथवा सोधनी जान्छन । त्यसपछि सल्लाह गरेर कति जन्ती आउने, कोशेली के के वा कति ल्याउने भन्ने कुराको सल्लाह हुन्छ । प्रेम विवाह वा भागी विवाहको पनि मागी विवाहको जस्तै तरिका अपनाउने गर्दछन ।

### ४.२.४ अन्तरजातीय विवाह

मगर समुदायमा समयको परिवर्तनसंगै अन्तरजातिय विवाह गर्ने चलन बढ्दै गएको पाइन्छ । आफ्नो जात बाहेक अन्य जातको केटा र केटीलाई मन पराएपछि केटाकेटी बिचको मन मिलेर गरिने विवाहलाई अन्तरजातीय विवाह भनिन्छ । मगर समुदायमा अन्तरजातीय विवाहलाई मान्यता नदिए पनि समयको परिवर्तन संगै यस विवाहले पनि मान्यता पाउन थालेको छ । अन्तरजातीय विवाह गर्दा आफ्नो जात भन्दा तलको जातसंग विवाह गर्दा मान्यता नदिएपनि आफूभन्दा माथिल्लो जात वा बराबरको जातसँग विवाह गर्दा खासै विरोध गरेको पाइदैन ।

### ४.२.५ पुनर्विवाह

श्रीमान श्रीमतीको मृत्यु भएपछि वा सम्बन्धविच्छेद गरी पुन : अर्कोसँग गर्ने विवाहलाई पुनर्विवाह भनिन्छ । यो विवाह त्यति प्रचलित नभएतापनि कतै कतै यस प्रकारको विवाह यस वडामा पनि भएको पाइन्छ । श्रीमान वा श्रीमतीको मृत्यु भएपछि वा सम्बन्धविच्छेद भएपछि कानुनी प्रकृया अनुसार दर्ता गरी पुन विवाह गर्ने गरिन्छ । यस्तो विवाहलाई कानुन तथा समाजले मान्यता दिएको हुन्छ । यस्तो विवाह गर्दा श्रीमती श्रीमानको सम्पूर्ण जायजेथा पूर्ण रुपले हकदार हुने गर्दछ ।

### ४.२.६ विधुर/विधवाविवाह

श्रीमान श्रीमतीको मृत्यु भइसकेपछि पुनः विवाह गर्नुलाई विधुर/विधवा विवाह भनिन्छ । मगर जातिमा यस प्रकारको परम्परागत रुपले चल्दै आएको पाइन्छ । यहाँको मगर समुदायमा लोग्ने स्वास्नीको मृत्यु भएकोले पुनः दोस्रो विवाह गर्न सामाजिक बन्देज छैन । श्रीमान/श्रीमतीको मृत्युपछि विधुर विधवा वा विवाह गर्न समाजले मान्यता दिएको छ ।

### ४.२.७ भाउजुसँग गर्ने विवाह

दाजुको मृत्यु भएमा यदि देवर अविवाहित छ र दुवैको मन्जुरी भएमा देवर भाउजुले श्रीमान श्रीमतीको अधिकार बहन गर्न सक्छन । दाजु मरे भाउजु मेरो भन्ने पुरानो मगर समाजमा भएको भनाई आजसम्म पनि पूर्ण रुपमा निर्मूल हुन सकेको छैन । यो भाउजु स्याहार्ने चलन मगर समाजको पुरानो परम्परागत प्रचलन भएतापनि यहाँका मगरहरुले आजभोलि यस प्रकारको विवाह गरेको देखिदैन । भाउजु सम्हाल्ने प्रचलनमा दाउजुको मृत्युपछि दाजुबाट जन्मिएको सम्पूर्ण बच्चा देवरले स्याहार्ने गर्दछन । भाउजुको सम्पूर्ण सम्पतिहरु जायजेथा देवरले उपभोग गर्न सक्दछ । तर विवाह गरिसकेको देवरले भाउजु स्याहार्न पाउदैन । तर अहिले यहाँका मगरहरुले यस प्रकारको विवाहलाई समस्याको रुपमा लिन्छन । आजभोलि यहाँका मगरहरुले भाउजुलाई आमाको दर्जामा राख्ने गर्दछन । भाउजु ब्यहोर्नुलाई अस्वभाविक र असामान्य रुपमा हेरिएको पाइन्छ यसकारण भाउजु ब्यहोर्ने विवाह लोप हुदै गएको छ ।

### ४.२.८ जारी विवाह

अर्काकी स्वास्नीलाई भगाई गरिने विवाहलाई जारी भनिन्छ । यस प्रकारको विवाह मगर समाजमा अझै पनि कतै कतै देख्न सकिन्छ । विवाह भएर पछि अर्को संग विवाह गरेमा पहिलाको लोग्नेले बनाइदिएको गरगहना र नगद फिर्ता गरिदिनुपर्छ साथै जारी बापत पहिलाको श्रीमानले मागेजति रकम तिर्नुपर्छ । यसरी जारी विवाह भएमा केटीको पहिलाको लोग्नेले जारी थप्न आफ्नो भाई समुहलाई लिएर जाने गर्दछन । यहाँको मगर जातिको विवाह संस्कारलाई हेर्दा मागी विवाह, पुनर्विवाह, विधवा विवाह प्रचलित थियो । अन्य जातिसंगको बढि सम्पर्कले गर्दा पनि हाल यहाँका मगर जातिकामा केही मात्रामा कन्यादान विवाह प्रचलनमा रहेको पाइन्छ ।

## ४.३बगनासकाली गाउँपालिकाको लिङ्गगत जनसंख्याको विवरण

बगनासकाली गाउँपालिकाको लिङ्गगत जनसंख्याको विवरणलाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका १**

**बगनासकाली गाउँपालिकाको लिङ्गगत जनसंख्याको विवरण**

| वडा नं. | परिवार संख्या | जनसंख्या | | | परिवारकोऔषत आकार | लैङ्गिक अनुपात |
|---|---|---|---|---|---|---|
| | | जम्मा | पुरुष | महिला | | |
| १ | १०७९ | ४११७ | १८८४ | २२३३ | ३.८२ | ८४.३७ |
| २ | ६१५ | २१८१ | ९९७ | ११८४ | ३.५५ | ८४.२१ |
| ३ | ४८८ | १७९५ | ७९२ | १००३ | ३.६८ | ७८.९६ |
| ४ | ४५३ | १६३१ | ७२५ | ९०६ | ३.६० | ८०.०२ |
| ५ | ४७४ | १६५९ | ७५३ | ९०६ | ३.५० | ८३.११ |
| ६ | ८१३ | २७७८ | १२४४ | १५३४ | ३.४२ | ८१.१० |
| ७ | ४१४ | १५२३ | ७११ | ८१२ | ३.६८ | ८७.५६ |
| ८ | ५२६ | ८६४ | ३९९ | ४६५ | ३.३८ | ८५.८१ |
| ९ | ५२३ | १९४९ | ८९१ | १०५८ | ३.७३ | ८४.२२ |
| जम्मा | ५११५ | १८४९७ | ८३९६ | १०१०१ | ३.६२ | ८३.१२ |

स्रोतः जनगणना २०७८ केन्द्रीय तथ्याङ्क विभाग

तालिका १ लाई विश्लेषण गर्दा अध्ययन क्षेत्र वगनासकाली गाउँपालिकाका बास घरपरिवारको सर्वेक्षाण २०७६ का अनुसार यस गाउँपालिकालाई ९ वटा वडाहरुमा विभाजन गरिएको छ । कुल घर परिवारको संख्या ५११५ रहेको पाइयो । यस बगनासकाली गाउँपालिकामा कुल जनसंख्या १८४९७ मध्ये पुरुष ८३९६ र महिला १०१०१ रहेको पाइयो । त्यसैगरी परिवारको औषत आकार अनुसार यस बगनासकाली गाउँपालिकामा ३.६२ प्रतिशत रहेको पाइन्छ । लैङ्गिक अनुपात हेर्दा यस अध्ययन क्षेत्रमा ८३.१२ प्रतिशत रहेको पाइयो ।

### ४.३.१जातजातिका आधारमा जनसंख्याको विवरण

बगनासकाली गाउँपालिकामा बसोबास गर्ने मानिसहरुको जातजातिका आधारमा जनसंख्याको विवरणलाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका २**

**जातजातिका आधारमा जनसंख्या विवरण**

| वडा | आदिवासी | | ब्राह्मण | | दलित | | मधेसी | | सीमान्तकृत | | मुस्लिम | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| नं. | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला |
| १ | २०६६ | २००८ | ४९७ | ४५० | २१५ | २०५ | ० | ० | ० | ० | ० | ० |
| २ | ६५० | ६३३ | ६४९ | ५७० | २५९ | २५४ | १ | २ | ० | ० | ३ | १ |
| ३ | ९५० | ९३३ | १८२ | १७७ | १५७ | १४४ | ७ | ६ | ० | ० | ६ | ८ |
| ४ | १०९९ | १०१० | ३७८ | ३३९ | ८ | ९ | ० | ० | ० | ० | ० | ० |
| ५ | ५७५ | ५२० | ६९५ | ६५७ | २६ | २४ | ३ | १ | ० | ० | १ | ४ |
| ६ | ४३५ | ३९८ | १३७० | १२५८ | ४५५ | ४४४ | ० | ० | १५७ | १३५ | ० | ० |
| ७ | ६८६ | ६५१ | ५०७ | ४७५ | १२८ | १२० | ० | ० | ४८ | ३५ | ० | ० |
| ८ | ६८ | ६५ | ८३६ | ७२८ | २४ | १५ | ० | ० | ० | ० | ० | ० |
| ९ | ७६८ | ७६४ | ७५६ | ६९७ | २३१ | २०७ | ० | ० | ० | ० | ० | ० |
| जम्मा | ७२९७ | ६९८२ | ५८७० | ५३५१ | १५०३ | १४२२ | ११ | ९ | २०५ | १७०० | १० | १३ |

स्रोत: बगनासकाली गाउँपालिकाका (वास) घरपरिवार सर्वेक्षण, २०७६

तालिका २ लाई विश्लेषण गर्दा अध्ययन क्षेत्रमा रहेका जातिगत विवरण हेर्दा आदिवासी जनजाति १४,२७९ मध्ये पुरुष ७,२९७ र महिला ६,९८२ रहेको पाइयो । त्यसैगरी ब्राह्मण जातिको कुल जनसंख्या ११,२२१ मध्ये पुरुष ५,८७० र महिला ५,३५१ रहेको देखिन्छ । वगनासकाली गाउँपालिकामा बसोबास गर्ने दलितहरुको कुल जनसंख्या २,९२५

मध्ये पुरुष १,५०३ र महिला १,४२२ रहेको देखिन्छ । त्यसैगरी मधेसी जम्मा २० जना मध्ये पुरुष ११ र महिला ९ जना रहेका पाइयो । अध्ययन क्षेत्रमा बसोबास गर्ने मानिसहरुमध्ये सीमान्तकृत मानिसहरुको कुल जनसंख्या ३७५ मध्ये पुरुष २०५ र महिला १७० रहेको देखिन्छ भने अध्ययन क्षेत्रमा बसोबास गर्ने मुस्लिमको कुल जनसंख्या २३ जना रहेका छन् जसमा १० जना पुरुष र १३ जना महिला रहेको देखिन्छ ।

समग्रमा हेर्दा यस अध्ययन क्षेत्र बगनासकाली गाउँपालिकामा बसोबास गर्ने मानिसहरुको संख्यालाई हेर्दा महिलाहरुको जनसंख्या भन्दा पुरुषहरुको जनसंख्या बढी रहेको पाइयो । राष्ट्रिय जनगणना अनुसार नेपालमा महिलाको भन्दा पुरुषको जनसंख्या कम रहेको देखिन्छ भने अध्ययन क्षेत्रमा बसोबास गर्ने मानिसहरुको संख्यामा ठीक विपरित महिला भन्दा पुरुषको जनसंख्या बढी रहेको देखिन्छ ।

## ४.४ तथ्याङ्कको विश्लेषण

### ४.४.१ उत्तरदाताको लैङ्गिक स्थिति

उत्तरदाताको लैङ्गिक स्थिति हेर्दा बगनासकाली गाउँपालिकामा रहेका सम्पूर्ण जनसंख्या मध्ये नमुना छनोटमा परेका जनसंख्याको लैङ्गिक स्थिति निम्नानुसार रहेको छ ।

**तालिका३**

**उत्तरदाताको लैङ्गिक स्थिति**

| क.स. | लिङ्ग | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | महिला | २५ | ५० |
| २ | पुरुष | २५ | ५० |
| | जम्मा | ५० | १०० |

स्रोतः स्थलगत सर्वेक्षण, २०८०

तालिका नं. ३ लाई विश्लेषण गर्दा यस गाउँपालिका कुल जनसंख्या मध्ये २५ (५० प्रतिशत) जना महिला र २५ (५० प्रतिशत) जना पुरुषलाई छनौट गरिएको छ ।

### ४.४.२ उत्तरदाताको उमेर समूह अनुसार जनसंख्या विवरण

उमेर समूह अनुसार जनसंख्या विवरण हेर्दा उत्तरदातालाई विभिन्न उमेर समूहमा विभाजन गरि निम्न तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका४**

**उत्तरदाताको उमेर समूह अनुसार जनसंख्या विवरण**

| क.स. | उमेर समूह | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | २०–३० सम्म | १२ | २४ |
| २ | ३१–४० सम्म | १५ | ३० |
| ३ | ४१–५० सम्म | १४ | २८ |
| ४ | ५१–६० सम्म | ७ | १४ |
| ५ | ६१ भन्दा माथि | २ | ४ |
|  | जम्मा | ५० | १०० |

स्रोतः स्थलगत सर्वेक्षण, २०८०

तालिका नं. ४ अनुसार २०–३० वर्ष उमेर समुहका उत्तरदाता १२ (२४ प्रतिशत) जना, ३१–४० वर्ष उमेर समुहका उत्तरदाता १५ (३० प्रतिशत) जना, ४१–५० वर्ष उमेर समुहका उत्तरदाता १४ (२८ प्रतिशत) जना, ५१–६० वर्ष उमेर समुहका उत्तरदाता ७ (१४ प्रतिशत) जना र ६१ वर्ष उमेर समुहका उत्तरदाता २ (४ प्रतिशत) जना रहेको पाइयो । यसरी हेर्दा अध्ययन क्षेत्रमा रहेका जनसंख्या मध्ये सबैभन्दा बढी ३१–४० वर्ष उमेर समूहका उत्तरदाता पाइयो । त्यसै गरी सबैभन्दा कम ६१ वर्षभन्दा माथिका उत्तरदाता रहेको पाइयो ।

### ४.४.३ उत्तरदाताको धार्मिक अवस्था

उत्तरदातालाई तपाइले कुन धर्म मान्नुहुन्छ भन्ने प्रश्नको आधारमा उत्तरदाताले दिएको विवरण यस प्रकार रहेको छ ।

**तालिका५**

**उत्तरदाताको धार्मिक अवस्था**

| क.स. | धर्मका विवरण | महिला | पुरुष | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|
| १ | हिन्दु | २० | १८ | ३८ | ७६ |
| २ | बौद्ध | ५ | ५ | १० | २० |
| ३ | क्रिस्चियन | १ | १ | २ | ४ |
|  | जम्मा | २५ | २५ | ५० | १०० |

स्रोतः स्थलगत सर्वेक्षण, २०८०

उल्लेखित तालिकामा उत्तरदाताको उत्तर अनुसार छनोटमा परेका उत्तरदाता मध्ये ३८ जना अर्थात७६ प्रतिशतले हिन्दु धर्म मानेको पाइयो । त्यसैगरी बगनासकाली गाउँपालिकामा रहेका १० जना अर्थात २० प्रतिशत मानिसहरुले बौद्ध धर्म मान्ने गरेको पाइयो त्यसै गरी अध्ययन क्षेत्रमा रहेका २ जना अर्थात ४ प्रतिशत मानिसहरुले क्रिश्चियन धर्म मान्ने गरेको पाइयो । यसरी हेर्दा त्यस क्षेत्रमा हिन्दु धर्मको बाहुल्यता बढी छ भन्न सकिन्छ ।

### ४.४.४ उत्तरदाताको शैक्षिक स्तर अनुसार जनसंख्या विवरण

उत्तरदाताको शैक्षिक स्तर अनुसार जनसंख्या विवरण हेर्दा छनोटमा परेका ५० जना उत्तरदाताहरुको विवरण तल उल्लेख गरिएको छ ।

**तालिका६**

**उत्तरदाताको शैक्षिक स्तर अनुसार जनसंख्या विवरण**

| क.स. | शैक्षिक तह | महिला | पुरुष | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|
| १ | साक्षर | ८ | ९ | १७ | ३४ |
| २ | विद्यालय तह | १० | ७ | १७ | ३४ |
| ३ | स्नातक | ६ | ६ | १२ | २४ |
| ४ | स्नातकोत्तर | १ | ३ | ४ | ८ |
|  | जम्मा | २५ | २५ | ५० | १०० |

स्रोतः स्थलगत सर्वेक्षण, २०८०

उल्लेखित तालिकाको अवलोकन गर्दा स्नातक अध्ययन गर्नेको सङ्ख्या ६(१२ प्रतिशत), स्नातकोत्तर तह अध्ययन गर्नेको सङ्ख्या ४ (८ प्रतिशत), विद्यालय तहको अध्ययन पूरा गर्ने सङ्ख्या १७ (३४ प्रतिशत) र साक्षर सङ्ख्या १७ (३४ प्रतिशत) रहेको छ ।मगर जातिमा शिक्षितको सङ्ख्या बढी देखिन्छ । यसका साथै चेतनाको कारणले पनि मगर जाति शिक्षामा अगाडि नै रहेको देखियो ।

### ४.४.५ उत्तरदाताको पारिवारीक संख्या अनुसार जनसंख्या विवरण

उत्तरदाताको पारिवारिक संख्या अनुसार जनसंख्या विवरण हेर्दा निम्नानुसार तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका७**

**उत्तरदाताको पारिवारिक संख्या अनुसार जनसंख्या विवरण**

| क्र.स. | परिवार संख्या | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | ५ जना सम्म | २८ | ५६ |
| २ | ६ देखि ८ जना सम्म | १८ | ३६ |
| ३ | ८ भन्दा माथि | ४ | ८ |
| | जम्मा | ५० | १०० |

स्रोतः स्थलगत सर्वेक्षण, २०८०

माथिको तालिका अनुसार छनोट गरिएको उत्तरदाताको परिवार संख्याको आधारमा २८ घर परिवार अर्थात ५६ प्रतिशत ५ जना सम्मको परिवार रहेको १८ घरपरिवार संख्या ३६ प्रतिशत, ६ देखि ८ जनासम्म संख्या  भएको र ४ जनाभन्दा बढी हुनेहरुको घरपरिवार सङ्ख्या ४ अर्थात ८ प्रतिशत देखियो । यसरी तालिका अनुसार ५ जनासम्म हुनेको संख्या धेरै देखिन्छ । आधुनिक समाजको मान्यता अनुसार सानो परिवार नै सुखी परिवार भन्ने कुरालाई व्यावहारमा विस्तारै लागू हुदै गइरहेको देखिन्छ ।

### ४.४.६ उत्तरदाताको पेशागत आधारमा जनसंख्या विवरण

पेशागत आधारमा जनसंख्या विवरण निम्न बमोजिम देखाइएको छ ।

**तालिका८**

**उत्तरदाताको पेशागत आधारमा जनसंख्या विवरण**

| क्र.स. | पेशागत विवरण | महिला | पुरुष | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|
| १ | जागीर | ३ | ४ | ७ | १४ |
| २ | कृषि/सिकर्मी /भू.पू. सैनिक | १५ | ११ | २६ | ५२ |
| ३ | वैदेशिक रोजगार | २ | ६ | ८ | १६ |
| ४ | व्यापार/व्यावसाय | ५ | ४ | ९ | १८ |
| | जम्मा | २५ | २५ | ५० | १०० |

स्रोतः स्थलगत सर्वेक्षण, २०८०

उल्लेखित तालिकाबाट उत्तरदाताको पेशागत अवस्थालाई हेर्ने हो भने कृषि/सिकर्मी/भू.पू. सैनिकगर्नेको संख्या सबैभन्दा बढी ५२ प्रतिशत देखिएको छ किनभने भू.पू सैनिकहरु अवकाश पछि कृषि पेशामा व्यस्त रहेको पाइन्छ।  व्यापार तथा व्यवसायमा १८ प्रतिशत, जागीर गर्नेको संख्या १४ प्रतिशत र  वैदेशिक रोजगारीमा जानेको संख्या १६ प्रतिशत भेटियो । यसरी माथिको तथ्याङ्कलाई अध्ययन गर्दा सबैजसो उत्तरदाताहरु केही न केही पेशामा आबद्ध रहेको पाइयो । यसबाट के स्पष्ट हुन्छ भने जसरी शैक्षिक स्तरमा उत्तरदाताको सहभागिता थियो सोही अनुसार नै पेशा व्यवसायमा आत्मनिर्भर भएको पाइन्छ।

### ४.४.७विवाहको उद्देश्यमा आएको परिवर्तन

उत्तरदातालाई तपाइले विवाह कुन उद्देश्यले गर्नुभएको हो भनेर गरिएको प्रश्नमा उत्तरदाताको धारणा यस प्रकार रहेको छ।

**तालिका९**

**विवाह भनेको के हो**

| क्र.स. | विवाह उद्देश्य | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | आवश्यकता | १५ | ३० |
| २ | सम्झौता | १० | २० |
| ३ | परम्परागत नियम | २५ | ५० |
|  | जम्मा | ५० | १०० |

स्रोतः स्थलगत सर्वेक्षण, २०८०

माथिको तथ्याङ्क अनुसार विवाह भनेको के हो भन्ने प्रश्नको उत्तरमा उत्तरदाता मध्ये आवश्यकताले विवाह गरेको भन्नेमा ३० प्रतिशत, सम्झौताको लागि २० प्रतिशत र परम्परागत नियमले विवाह गरेको भन्नेहरु ५० प्रतिशत भेटिए यसरी हेर्दा आफ्नै आवश्यकताले विवाह गरेको भन्नेहरु २०-५० वर्ष उमेरसम्ममा पाइयो । जसलाई शिक्षा, स्वतन्तता र रोजगारीको कारण मानिन्छ भन्ने वुवाआमालाई सहयोगका लागि विवाह गरेको भन्नेहरु प्राय ५० वर्षभन्दा माथि उमेर समुहका पाइयो । यसरी के बुझ्न सकिन्छ भने विवाहको उद्देश्यमा परिवर्तन हुदै जानुमा शिक्षा, आधुनिकीकरण, रोजगारी, स्वतन्त्रता, पश्चिमाकरण जस्ता कारणहरु रहेको पाइयो र पहिले पहिले आफ्नो विवाह भएको भन्ने

सम्म पनि थाहा नहुने गरेको र परिवारले नै सहमती गरेर विवाह गरिदिने गर्दथे भने हाल केटाकेटीले स्वेच्छाले वा वावुआमाको सल्लाहले विवाह गर्ने गरेको पाइयो । जस्ले विवाहको उद्देश्यमा पनि परिवर्तन ल्याएको पाइयो जुन परिवर्तनलाई सकारात्मक परिवर्तनको रुपमा लिन सकिन्छ ।

### ४.४.८उत्तरदाताको वैवाहिक स्थितिसम्बन्धी विवरण

समाजमा धर्म, संस्कार, जातजाति अनुसार विभिन्न किसिमका विवाह हुने गर्दछन् । मगरहरुले पनि विवाह विभिन्न तरिकाले गरेको पाईन्छ । अध्ययन क्षेत्रका मगरहरुको विवाहको किसिमलाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका १०**

**उत्तरदाताको वैवाहिक स्थिति सम्बन्धी विवरण**

| क.स. | विवाहको किसिम | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | प्रेम/भागी विवाह | २० | ४० |
| २ | मागी विवाह | १२ | २४ |
| ३ | प्रेम मार्फत मागी | १२ | २४ |
| ४ | आफन्ती | ३ | ६ |
| ५ | विधवा/विधुर | ३ | ६ |
| | जम्मा | ५० | १०० |

स्रोतः स्थलगत सर्वेक्षण, २०८०

तालिका नं.१०लाई विश्लेषण गर्दा यस वडा नं. ५ दर्लमडाँडामाप्रचलित विवाहको प्रकारलाई फरक फरक तरिकाले विभाजन गरी देखिइएको छ ।यहाँ प्रेम /भागी विवाह गर्नेको सङ्ख्या सबैभन्दा बढी ४० प्रतिशत र आफन्ती तथा विधवा/विधुर विवाह गर्ने सङ्ख्या सबैभन्दा कम ६/६ प्रतिशत देखियो । मगर जातिमा मागी विवाहको प्रचलन कम हुँदै गएको रहेको पाइयो ।यहाँ सबैभन्दा बढी प्रचलित विवाह प्रेम/भागी विवाह भएको देखिन्छ ।यसरी मगर समाजमा प्रेम विवाहको प्रचलन हाल बढ्दै गएको छ । किनकी मगर युवायुवतीहरुले अझै पनि अफ्नो अभिभावकको मन्जुरी विना विवाह गर्न खोजेको पाइन्छ । प्रेम विवाह १५/२० वर्ष उमेर भएका, शिक्षित र साक्षर दुवैले र विभिन्न पेशामा संलग्न भएका युवायुवतीले बढी गरेको पाइन्छ ।

### ४.४.९विवाह गर्दाको उमेर सम्बन्धी विवरण

उत्तरदाताको विवाह गर्दा तपाईको उमेर कति थियो भनेर सोधेको प्रश्नमा उत्तरदाताले दिएको विवरण यस प्रकार रहेको छ ।

**तालिका ११**

**विवाह उमेरमा आएको परिवर्तन**

| क.स. | विवाह गर्दाको उमेर | महिला | पुरुष | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|
| १ | १५ वर्ष भन्दा मुनि | ३ | – | ३ | ६ |
| २ | १५–२० | ८ | ३ | ११ | २२ |
| ३ | २१–२५ | ११ | १० | २१ | ४२ |
| ४ | सो भन्दा माथि | ३ | १२ | १५ | ३० |
| | जम्मा | २५ | २५ | ५० | १०० |

स्रोतः स्थलगत सर्वेक्षण, २०८०

उल्लेखित तालिका अनुसार मगर जातिको विवाह गर्ने उमेरमा पनि परिवर्तन आएको पाइन्छ। १५ वर्ष भन्दा मुनि विहे गर्नेको संख्या जम्मा ६ प्रतिशत मात्र रहेको पाइयो जवकि पहिले छोरीको विवाह ८, ९ बर्षमा नै अर्थात रजश्वला नहुदै गरिदिनु पर्दछ भन्ने मान्यता व्याप्त रहेको थियो । साथै १५-२० वर्षको उमेरमा विवाह गर्ने २२ प्रतिशत रहेको र २१-२५ वर्षको उमेरमा विवाह गर्ने सवैभन्दा धेरै ४२ प्रतिशत रहेको र २५ वर्ष भन्दा माथिको उमेरमा विवाह गर्नेहरुको संख्यापनि ३० प्रतिशत पाइयो । यसरी उत्तरदाताको विवाहको उमेरलाई आधार मानेर हेर्दा विवाहको उमेरमा परिवर्तन आएको पाइयो । उमेर पुगेपछि  मात्र विवाह गरिदिनु पर्छ भन्ने सोचको विकास भएको पाइयो। तथ्याङ्क अनुसार ५ प्रतिशत उत्तरदाता १५ वर्ष भन्दा सानो उमेरमा विवाह भएको भेटिए जुन अहिले ६० वर्षभन्दा माथि उमेर भएका रहेका छन् । नयाँ युवा पिढीमा १५ वर्ष उमेर भन्दा पहिले विवाह गरेको पाइएन यसलाई सकारात्मक परिवर्तनको रुपमा लिइन्छ।  यसैगरी १५-२० र २१ -२५ वर्षको उमेरमा विवाह गर्नेको संख्या वढि रहेको छ । आजकाल चेतना, शिक्षा, रोजगार जस्त कुरामा संलग्न रही व्यस्त जीवन र पारिवारिक सहमतिका कारण पनि उमेर पुगेपछि मात्र विवाह गरिदिने र गर्ने गरेको पाइयो भने २५ वर्ष भन्दा माथिको उमेरमा विवाह गर्ने गरेको पाइयो । प्रायः जसो पुरुष २५ वर्षभन्दा माथि विवाह गर्ने धेरै देखियो भने

महिला पनि केहि मात्रामा देखिए जसको कारण केटाकेटीहरु पनि पढाइ लेखाइमा व्यस्त भइ जागीर गरी आफ्नै खुट्टामा उभिइ विवाह गर्ने सोच भएको देखिन्छ । जसअनुसार विवाह गर्ने उमेरमा पनि परिवर्तन भएको पाइयो ।

### ४.४.१० विवाहित जोडिको उमेरको अन्तर सम्बन्धी विवरण

उत्तरदातालाई तपाईको जोडीमा कति वर्षको अन्तर छ भनि सोधिएको प्रश्नमा उनीहरुको उत्तर अनुसारको तथ्याङ्क निम्न अनुसार छ ।

**तालिका १२**

**विवाहित जोडीको उमेरको अन्तरसम्बन्धी विवरण**

| क्र.स. | उत्तरदाताको धारणा | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | ०–५ | ३५ | ७० |
| २ | ६–१० | १२ | २४ |
| ३ | ११ भन्दा माथि | ३ | ६ |
| | जम्मा | ५० | १०० |

स्रोतः स्थलगत सर्वेक्षण, २०८०

यसरी माथिको तथ्याङ्क अनुसार मगर विवाहित जोडीको उमेर अन्तरमा पनि परिवर्तन आएको पाइन्छ । ०-५ वर्षको उमेरको अन्तर भएका ७० प्रतिशत, ६-१० वर्षको अन्तर भएका२४ प्रतिशत र ११ भन्दा माथि उमेर अन्तर भएका ६ प्रतिशत संख्या रहेको पाइयो । यसबाट पहिले सानो उमेरमा नै विवाह गरिदिने चलनसँगै धेरै उमेरको भिन्नतामा विवाह गराइदिने चलनमा पनि परिवर्तन आएको पाइन्छ । उमेरअनुसार तथ्याङ्क हेर्दा सवैभन्दा वढि जनसंख्याको वैवाहिक जोडीको उमेर ०-५ वर्षको अन्तर रहेको पाइयो । यसबाट के स्पष्ट हुन्छ भने विवाह गर्दा अन्य कुरा जस्तै उमेर अन्तरको पनि ख्याल गर्नु पर्दछ भन्ने सोचको विकास भएको छ । उमेर मिलेन भने विचार र सोच मिल्दैन र विचार नै मिलेन भने त्यसबाट समस्या सिर्जना भई वैवाहिक जीवन धरापमा पर्न जान्छ भन्ने धारणा उत्तरदाताबाट प्राप्त भयो जसको कारण शिक्षा र जोडी छान्ने स्वतन्त्रता, चेतना आधुनिक जीवनशैलीलाई लिन सकिन्छ । यसरी विवाहित जोडीको उमेर अन्तरमा पनि सकारात्मक परिवर्तन देखियो ।

### ४.४.११ नाता सम्बन्धमा विवाह गर्ने चलन सम्बन्धी विवरण

नाता सम्बन्धमा विवाह गर्ने चलन सम्बन्धी धारणा निम्नानुसार देखाइएको छ ।

**तालिका १३**

**नाता सम्बन्धमा विवाह गर्ने चलन सम्बन्धी विवरण**

| क्र.स. | उत्तरदाताको धारणा | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | नाता सम्बन्धमा (मामाको छोरी/फुपूको छोरा) | १५ | ३० |
| २ | अन्तरजातीय | ३ | ६ |
| ३ | सजातीय | ३२ | ६४ |
| | जम्मा | ५० | १०० |

स्रोतः स्थलगत सर्वेक्षण, २०८०

तालिका नं. १३ अनुसार नाता सम्बन्धमा विवाह गर्ने चलन नाता सम्बन्धमा ३० प्रतिशत, अन्तरजातीय विवाहमा ६ प्रतिशत र सजातीयमा गर्नु पर्छ भन्ने ६४ प्रतिशत रहेको पाइयो । यसरी हेर्दा आधुनिक समयमा पनि विवाहमा अन्तरजातीय र नाता सम्बन्धमा विवाह गर्न हुदैन भन्ने धेरैको धारणा रहेको पाइयो ।

### ४.४.१२ नाता सम्बन्धमा विवाह गर्ने चलनप्रतिको धारणामा आएको परिवर्तन

**तालिका १४**

**नाता सम्बन्धमा (मामाको छोरी फुपूको छोरा) विवाह गर्ने चलनप्रतिको धारणामा आएको परिवर्तन**

| क्र.स. | उत्तरदाताको धारणा | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | राम्रो | १२ | २४ |
| २ | नराम्रो | २४ | ४८ |
| ३ | ठीकै | १० | २० |
| ४ | बाध्यात्मक | ४ | ८ |
| | जम्मा | ५० | १०० |

स्रोतः स्थलगत सर्वेक्षण, २०८०

तालिका नं. १४ अनुसार नाता सम्बन्धमा विवाह गर्ने चलन राम्रो हो भन्ने १२ (२४ प्रतिशत), नराम्रो हो भन्नेमा २४ (४८ प्रतिशत) रहेको पाइयो भने ठिकै हो भन्नेमा १० ( २० प्रतिशत) र नाता सम्बन्धमा वाध्यामक विवाह गर्ने भन्नेमा ४ (८ प्रतिशत) रहेको

पाइयो । यसरी हेर्दा सबैभन्दा बढी राम्रो होइन भन्ने पाइयो भने सबैभन्दा कम बाध्यात्मक विवाह हो भन्ने पाइयो । त्यसले गर्दा नाता सम्बन्धमा विवाह गर्न हुदैन भन्ने धारण विकास भएको पाइयो ।

### ४.४.१३ जोडी छनोटमा मापदण्ड आएको परिवर्तन

उत्तरदातालाई तपाइले विवाह गर्दा कुनकुन पक्षलाई आधार मापदण्ड मानेर जोडि छनोट गर्नुभएको हो भनि सोधिएको प्रश्नमा उत्तरदाताको जवाफ यस प्रकार छ ।

**तालिका १५**

**जोडी छनोटमा मापदण्ड आएको परिवर्तन**

| क.स. | मापदण्ड | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | सम्पत्ति | ६ | १२ |
| २ | खानदान/ नाता | १४ | २८ |
| ३ | शैक्षिक व्यक्तित्व/वैदेशिक रोजगारी | ३० | ६० |
| | जम्मा | ५० | १०० |

स्रोतः स्थलगत सर्वेक्षण, २०८०

तालिका नं. १५ लाई विश्लेषण गर्दा सबैभन्दा धेरै ६० प्रतिशतले शिक्षा र वैदेशिक रोजगारी र व्यक्तित्वलाई प्राथमिकता दिएको वताए भने २८ प्रतिशतले खानदान/नातालाई ख्याल गरेको वताए साथै १२ प्रतिशतले सम्पत्ति हेरेर जोडी छनोट गरेको पनि वताए यसरी हेर्दा पुराना पुस्ता र नयाँ पुस्तामा जोडी छनोट गर्ने मापदण्ड पनि परिर्वतन भएको छ । समाजमा शैक्षिक जगतमा भएको विकाससँगै चेतनाको विकास, वैदेशिक रोजगारी र आधुनिकीकरण जस्ता कुराले समाजमा विस्तारै परिवर्तन हुदै गएको पाउन सकिन्छ । यसरी विवाह गर्दा शिक्षित र चेतनाशील वर्गले सम्पत्ति र कुलनाता भन्दा पनि शिक्षा/व्यक्तित्व हेरी आफ्नो खुसी र चाहनालाई महत्व राख्ने गरेको देखिन्छ ।

### ४.४.१४दाइजो प्रथामा आएको परिवर्तन

उत्तरदातालाई तपाइको विवाह हुदा दाइजोलाई कतिको महत्वपूर्ण रुपमा लिइन्थ्यो भनि सोधिएको प्रश्नमा उत्तरदाताको प्रतिक्रिया यस प्रकार उल्लेख छ ।

**तालिका १६**

**दाइजो प्रथामा आएको परिवर्तन**

| क.स. | उत्तरदाताको धारणा | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | लिइन्थ्यो | १२ | २४ |
| २ | लिइन्थेन | ८ | १६ |
| ३ | सामान्य | ३० | ६० |
| | जम्मा | ५० | १०० |

स्रोतः स्थलगत सर्वेक्षण, २०८०

उल्लेखित तथ्याङ्क अनुसार दाइजोलाई महत्व दिनेहरु २४ प्रतिशत दाइजोलाई महत्व नदिनेहरु १६ प्रतिशत र सामान्य रुपमा लिनेहरु दिएपनि ठिकै नदिएपनि ठिकै भन्नेहरु ६० प्रतिशत रहेका छन् । यसरी दाइजो लिनुपर्छ भन्नेहरु अलि धनी परिवारका शिक्षित पनि भेटिए र जस्ले इज्जत मान प्रतिष्ठा र देखावटीका लागि भएपनि दाइजोलाई प्राथमिकता दिएको वताए भने दाइजो नलिनेमा प्रेम विवाह गर्नेहरु रहेका छन् । जस्ले आफूलाई पढेलेखेको र सक्षम व्यक्तीहरु खोजी विवाह गरेको र परिवार वाट पनि पढेलेखेकी बुहारी भए दाइजो नचाहिने सहमतिमै दाइजो नलिइ विवाह गरेको वताए भने केही व्यक्तिले भने दाइजोलाई सामान्य रुपमा लिएको पाइयो जसमा विवाह गर्दा पहिले केटाकेटीको व्यक्तिलाई महत्व दिई विवाह गरीने र दाइजो केटापट्टिबाट नमाग्ने तर केटीपक्षबाट दिएपनि सामान्य रुपमा ग्रहण गरेको बताए यसरी यसबाट कै बुझ्न सकिन्छ भने अन्य जातिमा जस्तो दाइजो प्रथा त्यती वढी विकराल अवस्था नभए पनि आधुनिकताका नाममा इज्जत र प्रतिष्ठा गुम्ने डरले देखाउनकै लागि तथा छोरीले पछि दुख नपाओस भन्ने डरले पनि विभिन्न रुपबाट दाइजो प्रथा कायमै रहेको पाइयो ।

### ४.४.१५दाइजो दिने प्रथासम्बन्धी धारणामा आएको परिवर्तन

**तालिका १७**

**दाइजो दिने प्रथा सम्बन्धी धारणामा आएको परिवर्तन**

| क.स. | उत्तरदाताको धारणा | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | पर्दछ | १३ | २६ |
| २ | पर्दैन | २५ | ५० |
| ३ | दिए पनि ठीक नदिए पनि ठीक | १२ | २४ |
| | जम्मा | ५० | १०० |

स्रोतः स्थलगन सर्वेक्षण, २०८०

तालिका नं. १७ अनुसार दाइजो दिने प्रथासम्बन्धी धारणालाई दाईजो दिनु पर्दछ भन्नेमा २६ प्रतिशत, दाइजो दिनु पर्दैन भन्नेमा ५० प्रतिशत र दिए पनि ठीक नदिए पनि ठीक भन्नेहरु २४ प्रतिशत रहेको पाइयो । यसरी हेर्दा अहिले दाइजो प्रथाको अन्त्य हुने चरणमा पुगेको पाइयो । यसरी हेर्दा धेरै जसो उत्तरदाताको प्रतिक्रियामा दाइजो दिने प्रथा हटाउनु पर्छ भन्ने रहेको पाइयो ।

### ४.४.१६विवाह जोडी छनोटको अधिकारमा आएको परिवर्तन

विवाह जोडी छनोटको अधिकारमा आएको परिवर्तन निम्नानुसार तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका १८**

**विवाह जोडी छनोटको अधिकारमा आएको परिवर्तन**

| क्र.स. | उत्तरदाताको धारणा | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | बुवा आमालाई | १० | २० |
| २ | केटाकेटीलाई | ३५ | ७० |
| ३ | बुबा आमा र नातेदारलाई | ५ | १० |
| | जम्मा | ५० | १०० |

स्रोतः स्थलगत सर्वेक्षण, २०८०

तालिका १८ अनुसार विवाह जोडि छनौटको अधिकारमा आएको परिवर्तन बुवा आमालाई हुने २० प्रतिशत, केटाकेटीलाई नै अधिकार दिनेलाई ७० प्रतिशत र बुवा आमा र नातेदारलाई अधिकार दिने १० प्रतिशत रहेको पाइयो । यसरी हेर्दा शिक्षा र जनचेतनाको कारणले केटाकेटीलाई आफ्नो जोडी आफै छान्ने जिम्मा दिएको पाइयो ।

### ४.४.१७विवाह गर्ने स्थानमा आएको परिवर्तन

उत्तरदातालाई तपाइले विवाह कहाँबाट गर्नुभएको हो भनि सोधिएको प्रश्नमा उत्तरदाताको धारणा निम्न रहेको छ ।

### तालिका १९

### विवाह गर्ने स्थानमा आएको परिवर्तन

| क्र.स. | स्थान | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | घर | २५ | ५० |
| २ | मन्दिर | १० | २० |
| ३ | पार्टी प्यालेस | १५ | ३० |
| | जम्मा | ५० | १०० |

स्रोतः स्थलगत सर्वेक्षण, २०८०

तालिका नं.१९ अनुसार घरबाट विवाह गर्ने ५० प्रतिशत, मन्दिरबाट विवाह गर्ने २० प्रतिशत र होटल तथा पार्टीप्यालेसबाट विवाह गर्ने ३० प्रतिशत रहेका छन् । यसबाट के बुझ्न सकिन्छ भने परम्परागत रुपमा गरिने विवाह कमी हुदै गएको छ । विवाह गर्ने पहिलेको चलनमा कमी आएको छ । साथै मन्दिरबाट छोटो मीठो विवाह गर्ने चलन पनि भेटियो र घरमा विवाह गर्दा समान जुटाउन झमेला हुने र इज्जतको पनि कुरा हुने हुनाले होटल तथा पार्टी प्यालेसबाट विवाह गर्ने गरेको पनि उत्तरदाताको धारणा रहेको छ । शिक्षा, आधुनिकता र फेसनको नाममा पनि विवाह गर्ने स्थानमा परिवर्तन हुन पुगेको पाइन्छ ।

### ४.४.१८ अन्तरजातीय विवाहप्रति उत्तरदाताको धारणा

अध्ययन क्षेत्रका उत्तरदातालाई तपाइले अन्तरजातीय विवाहलाई कसरी हेर्नुपर्छ भन्ने प्रश्नमा उत्तरदाताले दिएको विवरण यसप्रकार छ ।

### तालिका २०

### अन्तरजातीय विवाह प्रति उत्तरदाताको धारणा

| क्र.स. | उत्तरदाताको धारणा | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | राम्रो | १२ | २४ |
| २ | नराम्रो | १८ | ३६ |
| ३ | ठीकै | २० | ४० |
| | जम्मा | ५० | १०० |

स्रोतः स्थलगत सर्वेक्षण, २०८०

तालिका नं. २० अनुसार अन्तरजातीय विवाहलाई राम्रो भन्नेहरु २४ प्रतिशत, नराम्रो भन्नेहरु ३६ प्रतिशत र ठीकै हो भन्नेहरु ४० प्रतिशत देखियो । यसमा पनि अन्तरजातीय विवाहलाई राम्रो भन्नेहरु आफैले अन्तरजातीय विवाह गरेका र अलि पढेलेखेका नयाँ युवापिँढी भेटिए भने अन्तरजातीय विवाहलाई ठीकै मान्नेहरु पनि भेटिए जसमा सकेसम्म त नगरेकै राम्रो तर छोराछोरीको चाहना र खुसीका लागि भएपनि यस्तो विवाहलाई स्वीकार गर्नुपर्छ, अव जातभातलाई भन्दा पनि व्यक्तिको क्षमतालाई हेर्नुपर्दछ भन्ने विचार राख्ने तर आफ्नै छोरा वा छोरीले अन्तरजातीय विवाह गर्ने भन्यो भने इज्जत र प्रतिष्ठामा आँच आउँछ भनेर उनीहरुको इच्छालाई स्वीकृति नदिने व्यक्तिहरु पनि भेटिए साथै अन्तरजातीय विवाह गर्नु हुदैन जसबाट आफ्नो पहिचान नै नष्ट हुन्छ र जातीय व्यवस्था खुकुलो हुन्छ । त्यसैले अन्तरजातीय विवाह गर्नु हुदैन भन्ने व्यक्तिहरु पनि सबैभन्दा धेरै भेटिए, जसमध्ये अलि पाका उमेरका व्यक्तिहरु भेटिए । यसरी अन्तरजातीय विवाहप्रति उत्तरदाताको धारणा बुझ्दा आजभन्दा एकदशक अगाडिको समाज र आजको समाजको चर्चा गर्दै एक दशक अगाडि र हालको समाज निकै रुपान्तरण भई जातभातको कुरा विस्तारै हराउँदै गएको र समाज सकारात्मक दिशामा परिवर्तन हुदै गएको भन्ने कुरा प्रष्ट भयो । यसरी उत्तरदाताको धारणालाई हेर्दा समाज अझै पनि अन्तरजातीय विवाहको पक्षमा सकारात्मक छ तर व्यवहारिक रुपमा पूर्णता पाउन सकेको छैन ।

### ४.४.१९सम्बन्धविच्छेद सम्बन्धी धारणा

विवाहपछि संवन्ध विच्छेदलाई यहाँले कसरी लिनुभएको छ भनी उत्तरदातालाई सोधिएको प्रश्नमा उत्तरदाताको धारणा ।

**तालिका२१**

**सम्बन्ध विच्छेदसम्बन्धी धारणा**

| क्र.स. | उत्तरदाताको धारणा | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | राम्रो | ६ | १२ |
| २ | नराम्रो | ३४ | ६८ |
| ३ | ठीकै | १० | २० |
| | जम्मा | ५० | १०० |

स्रोत: स्थलगत सर्वेक्षण, २०८०

उल्लेखित तथ्याङ्क अनुसार विवाह पछिको सम्बन्ध विच्छेदलाई राम्रो मान्नेहरु १२ प्रतिशत नराम्रो मान्नेहरु ६८ प्रतिशत र ठीकै मान्नेहरु २० प्रतिशत रहेको पाइयो । मगर जातिमा विवाहलाई जन्म जन्मान्तरको सम्वन्धको रुपमा लिइन्छ । यसैले सम्वन्ध विच्छेदलाई राम्रो नमान्ने मगर समाजमा हालको समयमा केही मात्रामा भएपनि परिवर्तन भएको पाइयो । जसमा सम्वन्ध विच्छेदलाई राम्रो भन्नेहरु शिक्षित र युवा मध्येवाट रहेको छन् । जस्ले अहिलेको जमानामा पनि आफुले विवाह गरेको व्यक्ति पछि केही कुरा चित्त बुझेन भने संवन्ध विच्छेद गर्न पाउनु ठीकै हो भनि विचार राखे भने सम्वन्ध विच्छेदलाई नराम्रो भन्नेहरु पाका उमेरका र आफ्नो संस्कृति छाड्नु हुन्न, यो विदेशी संस्कृति हो विवाह भनेको एक पटक गर्‍यो भने सात जन्म सम्म पनि सँगै भइन्छ भन्ने मान्यता भएका व्यक्तिहरु रहेका छन् । यसरी मगर जातिमा पनि पहिलेको तुलनामा अहिले सम्वन्ध विच्छेदको व्यवस्था केही सकारात्मक रहेको र आधुनिकीकरण, शिक्षा, स्वतन्त्रता जस्त पक्षको प्रभावले विवाहमा सम्वन्ध विच्छेदको बारेमा धारणा पनि परिवर्तन देखिएको पाइयो ।

### ४.४.२० अन्तरजातीय विवाहमा आएको परिवर्तन

अन्तर जातीय विवाहमा आएको परिवर्तनलाई उत्तरदाताको धारणालाई निम्नबमोजिम देखाउन सकिन्छ ।

**तालिका २२**

**अन्तरजातीय विवाहमा आएको परिवर्तन**

| क्र.स. | उत्तरदाताको धारणा | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | राम्रो | १० | २० |
| २ | नराम्रो | ३५ | ७० |
| ३ | ठीकै | ५ | १० |
| | जम्मा | ५० | १०० |

स्रोतः स्थलगत सर्वेक्षण, २०८०

तालिका नं. २२ अनुसार अन्तर जातीय विवाहमा आएको परिवर्तनको धारणालाई अन्तरजातिय विवाह राम्रो हो भन्ने २० प्रतिशत, राम्रो होइन भन्नेमा ७० प्रतिशत रहेको पाइयो भने अन्तरजातिय विवाह ठीक हो भन्नेमा १० प्रतिशत रहेको छ । शिक्षा र चेतनाको कारणले अन्तरजातिय विवाह पनि राम्रो र ठीकै हो भन्नेको संख्या बढ्दै गएको पाइयो ।

### ४.४.२१ विवाह पद्धति भित्रमा विभिन्न कुरामा आएको परिवर्तन

विवाहपद्धति भित्रमा विभिन्न कुरामा आएको परिवर्तन धारणालाई निम्नानुसार तलको तालिका अनुसार देखाउन सकिन्छ ।

**तालिका २३**

**विवाह पद्धति भित्रमा विभिन्न कुरामा आएको परिवर्तन**

| क्र.स. | उत्तरदाताको धारणा | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | खानपान | १५ | ३० |
| २ | दाइजो | १२ | २४ |
| ३ | भेषभूषा | १५ | ३० |
| ४ | संस्कार | ५ | १० |
| ५ | नाचगान | ३ | ६ |
| | जम्मा | ५० | १०० |

स्रोतः स्थलगत सर्वेक्षण, २०८०

यसरी माथिको तथ्याङ्क अनुसार विवाहमा आएको परिवर्तन आएको पाइन्छ । खानपानमा परिवर्तन पाइयो भन्ने ३० प्रतिशत, दाइजो प्रथामा परिवर्तन भयो २४ प्रतिशत, भेषभूषामा परिवर्तन आएको छ भन्ने ३० प्रतिशत, सँस्कारमा १० प्रतिशत र नाचगानमा ६ प्रतिशत परिवर्तन भएको छ भन्ने पाइयो । आधुनिक र समय परिवर्तन सँगै रहनसहन र देखासिकीले गर्ने सबैभन्दा बढी भेषभूषामा आएको परिवर्तन पाइयो ।

### ४.४.२२ विवाह प्रथामा आएको परिवर्तन

उत्तरदाताहरुलाई विवाह प्रथामा परिवर्तन कस्तो परिवर्तन आएको छ भन्ने प्रश्नमा निम्नानुसारको धारणा रहेको पाइयो ।

## तालिका २४

## विवाह प्रथामा आएको परिवर्तन

| क्र.स. | उत्तरदाताको धारणा | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | दाइजो प्रथा | २० | ४० |
| २ | संस्कार तथा भेष भूषा | ३० | ६० |
| | जम्मा | ५० | १०० |

स्रोतः स्थलगत सर्वेक्षण, २०८०

तालिका नं. २४ अनुसार विवाहमा दाइजो प्रथामा परिवर्तन आएको छ भन्नेमा  ४० प्रतिशत र संस्कार तथा भेष भूषामा परिवर्तन भएको छ भन्नेमा ६० प्रतिशत रहेको पाइयो । उत्तरदाता शिक्षित हुँदा हुँदै पनि दाइजो प्रथाको अन्त्य भने हुन नसकेको पाइयो ।

### ४.४.२३विवाह पद्धति भित्रका (खानपान, दाइजो, भेषभूषा रहनसहन) कुरामा आएको परिवर्तनको कारण

विवाह पद्धति भित्रका (खानपान, दाइजो, भेष भूषा रहनसहन) कुरामा आएको परिवर्तन सम्बन्धी धारणामा उत्तरदाताको निम्नानुसार रहेको पाइयो :

## तालिका२५

## विवाह पद्धति भित्रका (खानपान दाइजो भेषभूषा) आदिमा परिवर्तन ल्याउने कारक त□वहरु

| क्र.स. | उत्तरदाताको धारणा | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | शिक्षा | २६ | ५२ |
| २ | सामाजिक परिवेश | ५ | १० |
| ३ | देखासिकी | १० | २० |
| ४ | बसाइँसराइ | ९ | १८ |
| | जम्मा | ५० | १०० |

स्रोतः स्थलगत सर्वेक्षण, २०८०

तालिका नं. २५ अनुसार विवाह पद्धतिमा आएको परिवर्तनको कारणमा शिक्षाका कारणले भन्ने ५२ प्रतिशत, सामाजिक परिवेशले भन्ने १० प्रतिशत, देखासिकीले भन्ने २० प्रतिशत र बसाइँसराइका कारणले विवाहमा परिवर्तन आएको भन्नेमा १८ प्रतिशत रहेको

पाइयो । सबैभन्दा बढी शिक्षाको कारणले परिवर्तन भन्ने पाइयो भने सबै भन्दा देखिसिकी गर्दा परिवर्तन आयो भन्ने पाइयो ।

### ४.४.२४ विवाह लागतमा आएको परिवर्तन

विवाह लागतमा कस्तो परिवर्तन आएको छ भनी सोधिएको प्रश्नमा निम्नानुसार रहेको पाइयो ।

**तालिका २६**

**विवाह लागतमा आएको परिवर्तन**

| क्र.स. | उत्तरदाताको धारणा | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | धेरै | २५ | ५० |
| २ | कम | ९ | १८ |
| ३ | ठीकै | १६ | ३२ |
| | जम्मा | ५० | १०० |

स्रोतः स्थलगत सर्वेक्षण, २०८०

तालिका नं. २६ अनुसार विवाह लागतमा हेर्दा पहिला भन्दा धेरै लागत लाग्छ भन्नेमा ५० प्रतिशत रहको पाइयो भने विवाह लागतमा कम लागत लाग्छ भन्नेमा १८ प्रतिशत र ठीकै परिवर्तन छ भन्नेमा ३२ प्रतिशत उत्तरदाताको धारणा रहेको पाइयो । पहिले गर्ने र अहिले गर्ने विवाहमा ठीकै छ खासै फरक लागत लाग्दैन भन्ने बाहुल्यता रहेको पाइयो । किनकी पहिले बारा, रक्सी, उपहार र केटी पक्षले केटा पक्षसँग उपहार माग गरेर र अन्य वस्तुको माग राखेर लागत बढी हुन्थ्यो भने अहिले महंगो भएता पनि खासै फरक छैन भन्नेको बाहुल्यता रहेको पाइयो ।

### ४.४.२५ विवाह प्रथामा कस्तो परिवर्तन आएको छ भन्ने प्रतिको धारणा

विवाह प्रथामा कस्तो परिवर्तन आएको छ भन्ने प्रश्नमा उत्तरदाताको धारणा निम्नानुसार रहेको छ ।

**तालिका२७**

**विवाह प्रथामा कस्तो परिवर्तन आएको छ भन्ने प्रश्नमा उत्तरदाताको धारणा**

| क्र.स. | उत्तरदाताको धारणा | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | सकारात्मक | २५ | ५० |
| २ | नकारात्मक | १५ | ३० |
| ३ | दुरुस्तै | १० | २० |
| | जम्मा | ५० | १०० |

स्रोतः स्थलगत सर्वेक्षण, २०८०

तालिका नं. २७ अनुसार विवाह प्रथामा कस्तो परिवर्तन आएको छ भन्ने धारणामा सकारात्मक परिवर्तन आएको छ भन्ने २५ (५० प्रतिशत), नकारात्मक परिवर्तन आएको छ भन्ने १५ (३० प्रतिशत) परिवर्तन भएको छैन दुरुस्तै छ भन्ने १० (२० प्रतिशत) रहेको पाइयो ।

### ४.४.२६ विवाह पद्धतिमा आएको परिवर्तन आउनुका कारणहरु

**तालिका२८**

**विवाह पद्धतिमा आएको परिवर्तन आउनुका कारणहरु**

| क्र.स. | उत्तरदाताको धारणा | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | शिक्षा | १२ | २४ |
| २ | सञ्चार माध्यम/प्राविधिको विकास | १० | २० |
| ३ | वैदेशिक रोजगारको प्रभाव | ६ | १२ |
| ४ | बसाइँसराइ | ६ | १२ |
| ५ | यातायात | ५ | १० |
| ६ | शहरीकरण/आधुनिकीकरण | ७ | १४ |
| ७ | कानुनको चेतना | ४ | ८ |
| | जम्मा | ५० | १०० |

स्रोतः स्थलगत सर्वेक्षण, २०८०

तालिका २८ अनुसार आएको परिवर्तनलाई हेर्दा शिक्षामा २४ प्रतिशत, सञ्चार माध्यम  तथा प्राविधि विकासमा २० प्रतिशत, वैदेशिक रोजगारको प्रभाव भन्ने १२ प्रतिशत , बसाइँ सराईले १२ प्रतिशत, यातायातमा १० प्रतिशत, शहरीकरण/आधुनिकीकरण मा १४ प्रतिशत र कानुनको चेतनामा ८ प्रतिशत रहेको पाइयो र सञ्चार माध्यमको सर्वसुलभ र विकासको कारणले सवैभन्दा बढी शिक्षा र सञ्चार माध्यम  प्रभाव पारेको पाइयो भने र सबैभन्दा कम बैदेशिक रोजगारले प्रभाव पारेको पाइयो ।

### ४.४.२७ विवाह पद्धतिले समाजमा पारेको प्रभाव

विवाह पद्धतिमा आएको परिवर्तनले समाजमा कस्तो प्रभाव पारेको छ भन्ने प्रति उत्तरदाताको धारणा निम्नानुसार रहेको पाइयो ।

**तालिका२९**

**विवाह पद्धतिले समाजमा पारेको प्रभाव**

| क्र.स. | उत्तरदाताको धारणा | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | सकारात्मक | २५ | ५० |
| २ | नकारात्मक | १० | २० |
| ३ | समय सापेक्ष ठीकै | १५ | ३० |
|  | जम्मा | ५० | १०० |

स्रोतः स्थलगत सर्वेक्षण, २०८०

तालिका नं. २९ अनुसार विवाह पद्धतिमा आएको परिवर्तनले समाजमा सकारात्मक परिवर्तन आएको छ भन्नेमा ५० प्रतिशत र नकारात्मक परिवर्तन आएको छ भन्नेमा२०प्रतिशत रहेको पाइयो भने समय सपेक्ष विवाह पद्धतिमा परिवर्तन हुनु ठिकै हो भन्ने ३० प्रतिशत रहेको पाइयो । समय सापेक्ष ठीकै हो र विवाह पद्धतिमा परिवर्तन आउनु पर्छ भन्नेको बाहुल्यता रहेको  पाइयो ।

### ४.४.२८ विवाह पद्धतिमा परिवर्तन सम्बन्धी धारणा

विवाह पद्धतिमा परिवर्तन आउनु सही वा गलत भन्ने धारणा बुझ्दा निम्नानुसार धारणा रहेको पाइयो ।

**तालिका३०**

**विवाह पद्धतिमा परिवर्तन सम्बन्धी धारणा**

| क्र.स. | उत्तरदाताको धारणा | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | राम्रो | २५ | ५० |
| २ | नराम्रो | १० | २० |
| ३ | ठीकै | १५ | ३० |
| | जम्मा | ५० | १०० |

स्रोतः स्थलगत सर्वेक्षण, २०८०

तालिका नं.३० अनुसार विवाह पद्धतिमा परिवर्तन आउनु सहि हो भन्ने ५० प्रतिशत, नराम्रो हो भन्नेमा २० प्रतिशत र समय अनुसार ठीकै हो भन्नेमा ३० प्रतिशत रहेको पाइयो । अहिलेको चलन चल्ती अनुसार विवाह पद्धतिमा परिवर्तन आउनु सही हो भन्नेको वाहुल्यता रहेको पाइयो ।

# परिच्छेद पाँच

# सारांश र निष्कर्ष

## ५.१ सारांश

यो अध्ययन नेपालका मगर जातिमा देखिएको विवाहको बदलिदो स्वरुपसँग सम्बन्धित रहेको छ । समयको गति सँगसँगै विभिन्न जातजातिको विवाह पद्धतिमा परिवर्तन भए जस्तै अध्ययन क्षेत्रको मगर जातिको विवाह पद्धतिमा पनि परिवर्तन हुँदै गइरहेको छ । नेपाली समाजमा जनसंख्याको हिसावले तेस्रो र आदिबासी जनजाति मध्ये पहिलो जाति भनेर चिनिएका मगर जातिमा विवाह पद्धतिमा के कस्तो परिवर्तन आएको छ र परिवर्तनका कारणहरु के के हुन् त्यसको खोजी गर्नु यस अध्ययनको प्रमुख उद्देश्य रहेको थियो । पाल्पा जिल्ला बगनासकाली गाउँपालिका वडा नं. ५दर्लमडाँडामा वसोवास गर्ने १८८घरघुरी मगर समुदाय मध्येबाट मगरजातिको विवाह पद्धतिमा आएको परिवर्तन र कारणहरु अध्ययन गर्नका लागि सवैको प्रतिनिधित्व हुने गरी ५० घरधुरीलाई सम्भावना रहित नमूना छनौट विधि प्रयोग गरी नमूनाको छनोट गरिएको छ । यिनै नमूना उपर अनुसन्धान गरि निष्कर्ष निकाली सम्पूर्णतामा लगेर सामान्यीकरण गरिएको थियो । छनौटमा परेका व्यक्तिहरुलाई उनीहरुको अनुकुल समयमा भेट गरी संरचित र असंरचित प्रश्नावलीका माध्यमबाट सत्य तथ्य धारणाहरु वुझी तथ्याङ्क संङ्कलन गरिएको थियो । यस शोधकार्य पाँच अध्यायअर्न्तगत विभिन्न उपशीर्षकमा संगठित गरिएको छ । विभिन्न प्राथमिक र द्वितीय स्रोतका माध्यमबाट प्राप्त तथ्याङ्कलाई सहज ढंगबाट प्रस्तुत तथा व्याख्या गरिएको छ ।

बगनासकाली गाउँपालिकामा कुल जनसंख्या १८,४९७ मध्ये पुरुष ८,३९६ र महिला १०,१०१ रहेको पाइयो । परिवारको औसत आकार अनुसार यस बगनासकाली गाउँपालिकामा ३.६२ प्रतिशत रहेको पाइन्छ । लैङ्गिक अनुपात हेर्दा यस अध्ययन क्षेत्रमा ८३.१२ प्रतिशत रहेको पाइयो । यस गाउँपालिका कुल जनसंख्या मध्ये २५ (५० प्रतिशत) जना महिला र २५ (५० प्रतिशत) जना पुरुषलाई छनौट गरिएको छ । अध्ययन क्षेत्रमा रहेका जनसंख्या मध्ये सबैभन्दा बढी ३१–४० वर्ष उमेर समूहका उत्तरदाता पाइयो । त्यसै गरी सबैभन्दा कम ६१ वर्षभन्दा माथिका उत्तरदाता रहेको पाइयो । छनोटमा परेका उत्तरदाता मध्ये ३८ जना अर्थात७६ प्रतिशतले हिन्दु धर्म मानेको पाइयो ।अध्ययन गर्नेको सङ्ख्या ६ (१२ प्रतिशत), स्नातकोत्तर तह अध्ययन गर्नेको सङ्ख्या ४ (८ प्रतिशत),

विद्यालय तहको अध्ययन पूरा गर्ने सङ्ख्या १७ (३४ प्रतिशत) र साक्षर सङ्ख्या १७ (३४ प्रतिशत) रहेको छ ।

परिवार संख्याको आधारमा २८ घर परिवार अर्थात ५६ प्रतिशत ५ जना सम्मको परिवार रहेको १८ घरपरिवार संख्या ३६ प्रतिशत, ६ देखि ८ जनासम्म संख्या भएको र ४ जनाभन्दा बढी हुनेहरुको घरपरिवार सङ्ख्या ४ अर्थात ८ प्रतिशत देखियो । पेशागत अवस्थालाई हेर्ने हो भने कृषि/सिकर्मी /भू.पू. सैनिक गर्नेको संख्या सबैभन्दा बढी ५२ प्रतिशत देखिएको छ किनभने भू.पू सैनिकहरु अवकाश पछि कृषि पेशामा व्यस्त रहेको पाइन्छ । विवाह भनेको के हो भन्ने प्रश्नको उत्तरमा उत्तरदाता मध्ये आवश्यकताले विवाह गरेको भन्नेमा ३० प्रतिशत, सम्झौताको लागि २० प्रतिशत र परम्परागत नियमले विवाह गरेको भन्नेहरु ५० प्रतिशत भेटिए यसरी हेर्दा आफ्नै आवश्यकताले विवाह गरेको भन्नेहरु २०-५० वर्ष उमेरसम्ममा पाइयो । प्रचलित विवाहको प्रकारलाई फरक फरक तरिकाले विभाजन गरी देखिइएको छ । यहाँ प्रेम /भागी विवाह गर्नेको सङ्ख्या सबैभन्दा बढी ४० प्रतिशत र आफन्ती तथा विधवा/विधुर विवाह गर्ने सङ्ख्या सबैभन्दा कम ६/६ प्रतिशत देखियो । मगर जातिको विवाह गर्ने उमेरमा पनि परिवर्तन आएको पाइन्छ । १५ वर्ष भन्दा मुनि विहे गर्नेको संख्या जम्मा ६ प्रतिशत मात्र रहेको पाइयो जवकि पहिले छोरीको विवाह ८, ९ बर्षमा नै अर्थात रजश्वला नहुदै गरिदिनु पर्दछ भन्ने मान्यता व्याप्त रहेको थियो । साथै १५-२० वर्षको उमेरमा विवाह गर्ने २२ प्रतिशत रहेको र २१-२५ वर्षको उमेरमा विवाह गर्ने सवैभन्दा धेरै ४२ प्रतिशत रहेको र २५ वर्ष भन्दा माथिको उमेरमा विवाह गर्नेहरुको संख्यापनि ३० प्रतिशत पाइयो ।

मगर विवाहित जोडीको उमेर अन्तरमा पनि परिवर्तन आएको पाइन्छ । ०-५ वर्षको उमेरको अन्तर भएका ७० प्रतिशत, ६-१० वर्षको अन्तर भएका२४ प्रतिशत र ११ भन्दा माथि उमेर अन्तर भएका ६ प्रतिशत संख्या रहेको पाइयो । नाता सम्बन्धमा विवाह गर्ने चलन नाता सम्बन्धमा ३० प्रतिशत, अन्तरजातीय विवाहमा ६ प्रतिशत र सजातीयमा गरेका भन्ने ६४ प्रतिशत रहेको पाइयो ।नाता सम्बन्धमा विवाह गर्ने चलन राम्रो हो भन्ने १२ (२४ प्रतिशत), नराम्रो हो भन्नेमा २४ (४८ प्रतिशत) रहेको पाइयो भने ठिकै हो भन्नेमा १० (२० प्रतिशत) र नाता सम्बन्धमा वाध्यामक विवाह गर्ने भन्नेमा ४ (८ प्रतिशत) रहेको पाइयो । सबैभन्दा धेरै ६० प्रतिशतले शिक्षा र वैदेशिक रोजगारी र व्यक्तित्वलाई प्राथमिकता दिएको वताए भने २८ प्रतिशतले खानदान/नातालाई ख्याल

गरेको वताए साथै १२ प्रतिशतले सम्पत्ति हेरेर जोडी छनोट गरेको पनि वताए यसरी हेर्दा पुराना पुस्ता र नयाँ पुस्तामा जोडी छनोट गर्ने मापदण्ड पनि परिर्वतन भएको छ ।

दाइजोलाई महत्व दिनेहरु २४ प्रतिशत दाइजोलाई महत्व नदिनेहरु १६ प्रतिशत र सामान्य रुपमा लिनेहरु दिएपनि ठिकै नदिएपनि ठिकै भन्नेहरु ६० प्रतिशत रहेका छन् । दाइजो दिने प्रथासम्बन्धी धारणालाई दाईजो दिनु पर्दछ भन्नेमा २६ प्रतिशत, दाइजो दिनु पर्दैन भन्नेमा ५० प्रतिशत र दिए पनि ठीक नदिए पनि ठीक भन्नेहरु २४  प्रतिशत रहेको पाइयो । विवाह जोडी छनोटको अधिकारमा आएको परिवर्तन बुवा आमालाई हुने २० प्रतिशत, केटाकेटीलाई नै अधिकार दिनेलाई ७० प्रतिशत र बुवा आमा र नातेदारलाई अधिकार दिने १० प्रतिशत रहेको पाइयो । घरबाट विवाह गर्ने ५० प्रतिशत, मन्दिरबाट विवाह गर्ने २० प्रतिशत र होटल तथा पार्टीप्यालेसबाट विवाह गर्ने  ३० प्रतिशत रहेका छन् । अन्तरजातीय विवाहलाई राम्रो भन्नेहरु २४ प्रतिशत, नराम्रो भन्नेहरु ३६ प्रतिशत र ठीकै हो भन्नेहरु ४० प्रतिशत देखियो । विवाह पछिको सम्बन्ध विच्छेदलाई राम्रो मान्नेहरु १२ प्रतिशत नराम्रो मान्नेहरु ६८ प्रतिशत र ठीकै मान्नेहरु २० प्रतिशत रहेको पाइयो । अन्तर जातीय विवाहमा आएको परिवर्तनको धारणालाई अन्तरजातिय विवाह राम्रो हो भन्ने २० प्रतिशत, राम्रो होइन भन्नेमा ७० प्रतिशत रहेको पाइयो । विवाहमा आएको परिवर्तन आएको पाइन्छ । खानपानमा परिवर्तन पाइयो भन्ने ३० प्रतिशत, दाइजो प्रथामा परिवर्तन भयो २४ प्रतिशत, भेषभूषामा परिवर्तन आएको छ भन्ने  ३० प्रतिशत,  सँस्कारमा १० प्रतिशत र नाचगानमा ६ प्रतिशत परिवर्तन भएको छ भन्ने पाइयो ।

विवाहमा दाइजो प्रथामा परिवर्तन आएको छ भन्नेमा ४० प्रतिशत र  संस्कार तथा भेष भूषामा परिवर्तन भएको छ भन्नेमा ६० प्रतिशत रहेको पाइयो । विवाह पद्धतिमा आएको परिवर्तनको कारणमा शिक्षाका कारणले भन्ने ५२ प्रतिशत, सामाजिक परिवेशले भन्ने १० प्रतिशत, देखासिकीले भन्ने २० प्रतिशत र बसाइँसराइका कारणले विवाहमा परिवर्तन आएको भन्नेमा १८ प्रतिशत रहेको पाइयो । विवाह लागतमा हेर्दा पहिला भन्दा धेरै लागत लाग्छ भन्नेमा ५० प्रतिशत रहको पाइयो भने विवाह लागतमा कम लागत लाग्छ भन्नेमा १८ प्रतिशत र ठीकै परिवर्तन छ भन्नेमा ३२ प्रतिशत उत्तरदाताको धारणा रहेको पाइयो । विवाह प्रथामा कस्तो परिवर्तन आएको छ भन्ने धारणामा सकारात्मक परिवर्तन आएको छ भन्ने २५ (५० प्रतिशत), नकारात्मक परिवर्तन आएको छ भन्ने १५ ( ३० प्रतिशत) परिवर्तन भएको छैन दुरुस्तै छ भन्ने १० (२० प्रतिशत) रहेको पाइयो ।

परिवर्तनलाई हेर्दा शिक्षामा २४ प्रतिशत, सञ्चार माध्यम तथा प्राविधि विकासमा २० प्रतिशत, वैदेशिक रोजगारको प्रभाव भन्ने १२ प्रतिशत , बसाइँ सराईले १२ प्रतिशत, यातायातमा १० प्रतिशत, शहरीकरण/आधुनिकीकरण मा १४ प्रतिशत र कानुनको चेतनामा ८ प्रतिशत रहेको पाइयो ।विवाह पद्धतिमा आएको परिवर्तनले समाजमा सकारात्मक परिवर्तन आएको छ भन्नेमा ५० प्रतिशत र नकारात्मक परिवर्तन आएको छ भन्नेमा २० प्रतिशत रहेको पाइयो र विवाह पद्धतिमा परिवर्तन आउनु सहि हो भन्ने ५० प्रतिशत, नराम्रो हो भन्नेमा २० प्रतिशत र समय अनुसार ठीकै हो भन्नेमा ३० प्रतिशत रहेको पाइयो ।

विवाह सामाजिक परम्पराको अभिन्न अंगको रुपमा स्थापित छ । मुलुकका विभिन्न स्थानमा रहेका सम्पूर्ण मगर जातिको विवाह परम्परा प्रायः एउटै किसिमको रहेको पाइन्छ । प्रेम/भागी विवाहनै अध्ययन क्षेत्रका मगरहरुको संस्कार हो । आफू आफै प्रेम गरेर भागेर विवाह गर्ने चलन अध्ययन क्षेत्रमा रहेको पाइयो भने मागी विवाहमा विशेषगरी, जात, गोत्र, भात, कुलघरान ख्याल गरी आफ्नै नाता भित्रभन्दा पनि वाहिरी केटा वा केटी विच विवाह गर्दछन् । यसरी विवाह गर्दा अभिभावकहरु र नजिकका आफन्तहरुमार्फत केटी माग्ने चलन छ । मागी, प्रेम, पुनः विवाह अन्तरजातीय विवाह आदि विवाहको स्वरुप हुन् । हाल केटाकेटीको इच्छामा आमा वावुको सहमतिबाट विवाह गर्ने प्रचलन छ । पहिले विवाह आफ्नै जातभित्र मात्र गर्दथे भने हाल शैक्षिक विकासको कारण र अन्य जातिसँगको घुलमिलले गर्दा अन्तरजातीय विवाह पनि गर्दै आएका छन् । यद्यपि पुराना बुढापाकाहरु अन्तरजातीय विवाहलाई राम्रो मान्दैनन तर हाल बुढापाकाहरुले समेत जातीय चेनताको विकासले गर्दा परम्परागत मूल्य मान्यता र संस्कृतिहरुको पुर्नमूल्याङ्कन गर्न थालेको पाइन्छ ।सानो उमेरमा गरिने भागीविवाहलाई निरुत्साहित गरी परिपक्व उमेरमा आफ्नो चाहना र इच्छा अनुसार जोडी छनौट गरि अभिभावकहरुको सहमतिमा विवाह गर्न थालेका छन् । दाइजोप्रथा विवाहको उद्देश्यमा आएको परिवर्तन र विवाह गर्ने स्थानमा आएका परिवर्तन केहि रुपमा सकारात्मक देखिएतापनि आफ्नो परम्परागत संस्कृतिलाई कायम राख्ने नाममा समाजमा आफ्नो हैसियत उच्च देखाउने मनसायले वढी खर्च गर्न थालेको पाइन्छ । यस शोधकार्य सम्पन्न गर्ने सन्दर्भमा निम्न अनुसारका तथ्यहरु प्राप्त भएका छन् ।

अध्ययनको क्रममा गरिएको अवलोकनमा उत्तरदाता मगरहरु मध्ये धेरैले प्रेम/भागी विवाह गरेका छन् भने अहिले मागि विवाहको सट्टामा प्रेम विवाह गर्न थालेको पाइएको छ ।

पाका उमेरका मगरहरुमा मागी विवाह बढी भएको र प्रेम विवाह पनि गरेकोले आफ्नो जातभित्रको केटा वा केटीसँग प्रेम गरी बुबा आमाको सहमतिमा विवाह गरेको पाइयो भने नयाँ युवा युवतीले आफ्नो जातिभित्र प्रेम विवाह/भागी विवाह र जातभन्दा वाहिरकोसँग अन्तरजातीय विवाह पनि गरेको पाइएको छ । उमेर, जोडी छनोटको मापदण्ड, जोडी छान्ने अधिकार, विवाह गर्ने स्थान, दाइजो प्रथा जस्ता कुराहरुमा केही भिन्नता आएको पाइन्छ । विवाहमा परिवर्तन आउनुका कारणहरुमा शिक्षा, सचेतना, कानुनी रुपमै छुवाछुतको अन्त्य, संचारका माध्यम तथा प्रविधिको विकास, शहरीकरण, आधुनिकीकरण, यातायातको विकास, परम्परागत मान्यता, व्यवहार र प्रचलनमा पूनर्मूल्याङकन हुनु, वैदेशिक रोजगार र जातीय व्यवस्था कमजोर वन्दै जानु आदि भएको पाइन्छ । विवाहमा विभिन्न कारणहरु जस्तै : शिक्षा, सचेतना, अन्य जातिसँगको सम्पर्क, यातायात र संचारका साधनको विकास आदिले गर्दा मागी विवाह प्रेम विवाह, अन्तरजातीय विवाह आदिमा परिवर्तन भएको पाइयो र उक्त परिवर्तनले मगर जातिको जीवनशैलीमा नै परिवर्तन आएको पाइयो ।

### ५.२निष्कर्ष

हाम्रो नेपाली समाज हालका दिनमा सूचना र सञ्चारको वढ्दो प्रयोग शिक्षा र रोजगारीको विकास शहरीकरण जस्ता पक्षहरुमा भएको परिवर्तन सँगै संस्कारहरु पनि विस्तारै परिवर्तनको दिशामा अगाडि वढेका छन् जसको असर मगर जातिको विवाह संस्कारमा पनि परेको छ । पहिले मामाको छोरी र फूपूको छोराले विवाह नगरी अन्तैबाट विवाह गरेमा बाटो विराएको भान्जा भनी दण्ड दिने चलन थियो भने हाल त्यस्ता भान्जालाई दण्ड दिन छोडिएको छ । यसबाट मामाको छोरी विवाह गर्ने चलन घट्दै गएको पाइन्छ । मगर जातिको विवाहको स्वरुप र शैलीमा परिवर्तन हुदै प्रेमविवाह र अन्तरजातीय विवाहले पनि विस्तारै मान्यता पाउदै गएको छ । परम्परागत संस्कारलाई हेर्नेहो भने कुलीन जात भनेर गनिने मगर जातिले अन्तरजातीय विवाह गर्नु भनेको ठुलो सजायको भागीदार सरह मानिन्थ्यो, परिवार र समाजको हितको रुपमा विवाहलाई हेरिन्थ्यो । तर आजको समाजमा परिवार र समाज भन्दा पनि स्वयम व्यक्तिको चाहनामा हुनुपर्छ भन्ने मान्यतामा विकसित हुदै गएको छ । कुनै जमाना थियो, बुबाआमाले विवाह पक्का गरिसकेपछि मात्र छोराछोरीलाई थाहा हुन्थ्यो तर आजको युवापिढी जीवनसाथी आफ्नो ढङ्गले छनोट गर्न चाहन्छन् । आफ्नो भावना र चाहना अनुसार जीवनसाथी रोज्ने प्रवृत्ति हालका दिनमा अधिक मात्रामा वढिरहेको छ । त्यसैगरी छनौट क्षेत्रका मगरहरुले परम्परागत रुपमा प्रचलित

मागी तथा प्रेम/भागी विवाहलाई अवलम्वन गदै आएको र परम्परागत पद्धतिमा गहन आस्था नराखेपनि व्याप्त मूल्य मान्यतालाई नत्यागी परिस्कृत ढँगबाट अघि बढेको पाइयो । त्यसैगरी साना उमेरमा गरिने मागी विवाहलाई निरुत्साहित गरी परिपक्व उमेरमा आफ्नो इच्छा र चाहना अनुसार जीवनसाथी रोजी अभिभावकको सहमतिमा विवाह गर्न थालेको पाइयो । यहाँका मगरहरुले इज्जत बढाउनको लागि र आफ्नो हैसीयत उच्च देखाउने मनसायले वढी दाइजो दिई विवाह गराउने गरेको पाइयो । समयसँगै मागी विवाहमा कमी हुदै अन्तरजातीय विवाह, प्रेम विवाह र अदालती विवाहलाई पनि अपनाउदै गएको पाइयो । विवाहमा परिवर्तन आउनुका कारणहरुमा शिक्षा, सचेतना, कानुनी रुपमै छुवाछुतको अन्त्य, संचारका माध्यम तथा प्रविधिको विकास, शहरीकरण, आधुनिकीकरण, यातायातको विकास, परम्परागत मान्यता, व्यवहार र प्रचलनमा पूनर्मूल्याङकन हुनु, वैदेशिक रोजगार र जातीय व्यवस्था कमजोर वन्दै जानु आदि भएको पाइन्छ । यसका साथै आजको समाजमा हरेक संरचना र मान्यताहरुमा अन्तरविरोधहरु कायम छन् । पुराना पुस्ता र नयाँ पुस्ता विच बैचारीक द्वन्द्व कायम छन् । पुराना पुस्ताले चलिआएको संस्कार र चलनलाई निरन्तरता दिन चाहन्छन् भने आजको नयाँ पुस्ता यसलाई परिमार्जित गर्दै समय अनुकुल वनाउन चाहान्छन् । उल्लेखित विभिन्न कारणहरुले गर्दा मगरजातिको विवाह पद्धतिमा सकारात्मक तथा नकारात्मक परिवर्तनहरु भएको पाइयो । यहि कुरा नै यस अनुसन्धानको निष्कर्षको रुपमा लिइएको छ ।

## सन्दर्भग्रन्थ सुची


आचार्य, बलराम (२०७४), *मानवशास्त्र र समाजशास्त्र अनुसन्धान पद्धति,* काठमाडौंः नेशनल बुक  सेन्टर ।

एन्गेलस, फेडरिक (१९८६), *परिवार निजी स्वामित्व र राज्यको उत्पत्ती,*मास्को : प्रगति प्रकाशन ।

ओझा, नेत्रकुमार (२०७२), *समाजको संरचनात्मक बुझाई,* काठमाडौं : दिव्य देउराली प्रकाशन प्रा.लि. ।

गुरुङ्ग, हर्कबहादुर (२००६/००७), *विषय विविध,* ललितपुर :हिमाल किताब हिमाल एसोसिएसन पाटनढोका, पो.नं. १६६,   नेपाल ।

ठाडा, मनकुमारी (२०७९),  *धनकुटाका मगरहरुको सामाजिक तथा सांस्कृतिक अवस्था,* काठमाडौं : मगर प्रकाशन समिति, नेपाल मगर लेखक संघ, केन्द्रीय समिति ।

थापा मगर, कृष्णबहादुर (२०६३), *शोधमाला* वर्ष २. अंक १ मगर अध्ययन केन्द्र काठमाडौ ।

थापा मगर, एम.एस. (२०७९), प्राचीन मगर र अक्खा लिपि, काठमाडौं : मगर प्रकाशन समिति, नेपाल मगर संघ ।

दहाल, डिल्लीराम (२०५६), *धिमाल जातीको अध्ययन,* नेपाल र एशियाली अनुसन्धान केन्द्र, कीर्तिपुर : त्रिभुवन विश्वविद्यालय ।

नेपालको संविधान २०७२

पुन मगर, टि.बी. (२०६२), *हामी मगरहरू (भाग-१),*बाग्लुङ्ग:मगर समाज सेवा गुठी।

बराल मगर, केशरजंग (२०५०), *पाल्पा, तनहुँ र स्याङ्गजाका मगरहरूको संस्कृति,*काठमाडौः नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

बिष्ट, डोर बहादुर (१९९६),*नेपालका जनजातीहरू,* काठमाडौ :रत्न पुस्तक भण्डार ।

बिष्ट, डोर बहादुर (२०५२), *सबै जातको फूलबारी,* काठमाडौः साझा प्रकाशन ।

बुडा मगर, हर्षबहादुर (२०५३), *मगर र मग्यारः* पुर्ख्यौलीको खोजीमा श्रीमती पुष्पावती बुढा मगर, जी. पी. ओ. बक्स ४२०, काठमाडौ ।

मिश्र, चैतन्य (२०५७) *बदलिदो नेपाली समाज,* (मूल्याङ्कनः ८५ चैत्र) काठमाडौंः फाइन प्रिन्ट, आई.एस.सी. ।

मिश्र, चैतन्य (२०६७), *बदलिंदो नेपाली समाज,*ललितपुरःफाइलप्रिन्ट आइएनसी झम्सिखेल-३,नेपाल ।

राष्ट्रिय जनगणना, २०७८

विवेकानन्द (१९९८), *विचारधारा, सम्पा, आश) गुप्त,* दिल्ली : आत्मराम एण्ड सन्स ।

बराल मगर,केशरजगङ्ग (२०६८), *पाल्पा तनहुँ र स्याङ्जाका मगरहरुको संस्कृति,* काठमाडौंः अस्मिता बुक्स पब्लिकर्स एण्ड डिष्ट्रिव्युटर्स प्रा.लि. ।

शर्मा, जनकलाल (२०७५), *हाम्रो समाजः एक अध्ययन,* काठमाडौः मञ्जरी प्रकाशन ।

शर्मा, नगेन्द्र (२०५२),*नेपाली जनजीवन,* काठमाडौं : साझा प्रकाशन ।

शिवाकोटी, गोपाल (२०७५), *मगर जाति,* काठमाडौँ : पैरवी प्रकाशन ।

सिंह लामा, चुडादेव ( २०६५), *नेपालका आदिवासी तथा जनजाति एकः* परिचय ।

सिंजाली, बिष्णु कुमार (२०७१), *आदिवासी मगरका विविध पक्षहरु,* काठमाडौँ : मगर अध्ययन केन्द्र ।

सुवेदी, मधुसुधन (२०५६), *हिन्दु विवाहको इतिहास,* काठमाडौं : साझा प्रकाशन ।

श्रीस, धर्मप्रसाद (२०३४), *मगर जातीको मूल स्थान र नेपाल प्रवेश,* गोरखापत्र, वर्ष२, अङ्क २, असोज २२ ।

श्रीस, धर्मप्रसाद (२०३८), *मगराँती संस्कृति,* विराटनगर, कोसेली छापाखाना ।

श्री ५ को सरकार (२०३१), *मेचिदेखि महाकालीसम्म,* भाग-४, काठमाडौः श्री ५ को सरकार, सञ्चार मन्त्रालय, सूचना विभाग ।

श्रेष्ठ, हरि प्रसाद (२०४६), *नेपालको इतिहास र संस्कृति एक झलक,* विराटनगरः भुवन प्रकाशन ।

Bhushan, V.& Sachdeva.D.R (2008). *An introduction to sociology;* India: Allahabad kitab mahal.

*District and VDC profile of Nepal* (2010), Kathmandu: Central Bereau of Statistics Thapathali

Fricke T. (1993), *Himalayan Households:* Tamang Demography and Domestic Process, Book Faith India.

Gurung, G. (1998).*The chepang Astudy in Continue and change.*Kathmandu.

Jha, M. (1994).An Introduction to anthropological thought. New Delhi : Vikash Biusheded House.

Khatiwada, S. (2007).*Essay on the sociology of Nepal.* Kathmandu: Fine Print.

Meciver and Page (1982).*An Introduction Analys.* India: Mecmillan Ltd.

Molnar, A ($1981_a$). *The kham Magar Women at Thawang.* The status of Magar women in Nepal Vol .ii Ipart- 2,Kathmandu : CEDEA.

Molnar, A. (1978). *Martial patterns and Economic Independence A study of kham* Magar Kathmandu.

Molnar, A ($1981_b$). *Econamic Strategies and Ecoloigical Constraints in Asian Highland socities an Anthropological perspective.* New Delhi.

Ortner, S.B. (1978). *Sherpa Through Their Ritual.* U.K. : Cambridge University Press.

Regmi, R. K. R. (1999). *Dimension of Nepali society and culture.* Kathmandu: Asia Publication.

Regmi, R.R. (2003). *The Essentials of Sociology.* Kathmandu: Buddha Academic Publication.

Regmi, Rishi Keshab Raj (1999).*Dimensions of Nepali Society& Culture:* Asia Publication.

Regmi, Rishi Keshab Raj (1999).*Dimensions of Nepali Society& Culture:* Asia Publication.

Ritzer, George (1992). Sociological theory (3rd end).New Delhi:MC-Graw Hill.

Timsina, P. (25 Jan, 2010)https://www.bhutaneseliterature.com/archives/1406

Tylor, E.B. (1999). *Dectionary of Anthroplogy.* New Delhi : W.r. Goyal Publishers and Distributors.

# परिशिष्ट क

## मगर जातिको विवाह पद्धतिमा आएको परिवर्तन पाल्पा जिल्ला बगनासकाली गाउँपालिका वाड नं. ५ दर्लमडाँडाको एक समाजशास्त्रीय अध्ययन

शोधार्थी

मान बहादुर खाम्चा

समाजशास्त्र विभाग

श्री …………

नमस्कार

प्रस्तुत शोधको उत्तरदाताको रुपमा तपाईलाई छनौट गरिएको छ । तसर्थ उक्त विषय अन्तर्गत रहेर आफ्नो अनुभव र भोगाइ सम्वन्धी आवश्यक तथ्याहरु उपलब्ध गराइदिनु हुन हार्दिक अनुरोध गर्दछु ।

उत्तरदाताको नाम ………. लिङ्ग ………. उमेर………………… धर्म…………..

शिक्षा …………….   परिवार संख्या……….पेशा/व्यवसाय……………..

१) तपाईको विचारमा विवाह के हो ?

क) आवश्यकता   ख) सम्झौता   ग) परम्परागत नियम

२) तपाईले कस्तो प्रकारको विवाह गर्नुभएको हो ?

क) प्रेम   ख) मागी   प्रेम मार्फत मागी   घ) आफन्तीमा

३) विवाह गर्दा तपाईको उमेर कति थियो ?

क) १५ वर्षभन्दा मुनि  ख) १५-२०   ग) २०-२५   घ) सो भन्दा माथि

४)तपाईको जोडीमा कती वर्षको अन्तर छ ?

क) ०-५   ख) ६-१०   ग) ११ भन्दा माथि

५) तपाइको विवाह नाता सम्बन्धमा भयो वा अन्यसँग ?

क) नातासम्बन्धमा   ख) अन्तरजातीय   ग) सजातीय

६) आफन्तमा (मामाको छोरी फुपू छोरा)विवाह गर्नेचलन कस्तो लाग्छ ?

क) राम्रो ख) नराम्रो ग) ठीकै घ) बाध्यात्मक

७) विवाह गर्दा कुनकुन कुरालाई आधार मानेर जोडी छनौट गर्नु भयो ?

क) सम्पत्ति ख) कुल नाता

ग) शिक्षा/व्यक्तित्व घ) वैदेशिक रोजगारको प्रभाव

८. तपाईको विवाह हुदा दाइजोलाई कतिको महत्वपूर्ण रुपमा लिइन्थ्यो ?

क) लिइथ्यो ख) लिइदैनथ्यो ग) सामान्य

९.तपााईको विचारमा विवाहमा दाइजो दिनुपर्छ कि पर्दैन ?

क) पर्दछ ख) पर्दैन ग) दिए पनि ठीक नदिए पनि ठीक

१०. तपाईका छोराछोरीको विवाह गर्दा केटा वा केटी छान्ने अधिकार कसलाई हुन्छ ?

क) बुबा आमालाई ख) केटाकेटीलाई ग) बुबाआमा र नातेदारलाई

११. तपाईले विवाह कहाँबाट गर्नुभएको हो ?

क) घरबाट ख) मन्दिरबाट ग) पार्टिप्यालेस/ होटल घ) अन्य

१२. तपाईले अन्तरजातीय विवाहलाई कसरी हेर्नुहुन्छ ?

क) राम्रो ख) नराम्रो ग) ठीकै

१३.तपाईको जातिमा अन्तरजातीय विवाह प्रति समाजको दृष्टिकोण कस्तो रहन्छ ?

क) सकारात्मक ख) नकारात्मक ग) ठिकै

१४. विवाह पछि सम्वन्ध विच्छेदलाई यहाँले कसरी लिनुभएको छ ?

क) राम्रो ख) नराम्रो ग) ठीकै

१५. मगर जातिको विवाह पद्धति भित्रका कुन कुन कुरामा परिवर्तन आएको छ ?

क) खानपान ख) दाइजो ग) भेषभूषा घ) रहनसहन

१६. मगर जातिको विवाह पद्धतिमा संकार र प्रथामा के के परिवर्तन आएको छ ?

क) दाइजो प्रथा ख) भेषभूषा/संस्कार

१७. विवाह पद्धति भित्रका खानपान, दाइजो, भेषभूषा आदिमा परिवतर्न आउनुका कारणहरु के के हुन् ?

क) शिक्षा ख) सञ्चार

ग) बसाइँसराई घ) वैदेशिक रोजगार

१८. विवाहमा लाग्ने लागतमा कत्तिको परिवर्तन आएको छ ?

क) धेरै ख) कम ग) ठीकै

१९. मगर जातिमा हालका दिनहरुमा विवाह पद्धतिमा कस्तो परिवर्तन आएको छ ?

क) सकारात्मक परिवर्तन ख) नकारात्मक ग) दुरुस्तै

२०. मगर जातिको विवाह पद्धतिमा परिवर्तन आउनुका कारणहरु के के होलान ?

क) शिक्षा ख)सञ्चार माध्यम/प्राविधिको विकास

ग) वैदेशिक रोजगारको प्रभाव घ) बसाइँसराइ

ङ) यातायात च) शहरीकरण/आधुनिकीकरण

छ) कानुनको चेतना

२१. विवाह पद्धतिमा आएको परिवर्तनले समाजमा कस्तो प्रभाव पारेको छ ?

क) सकारात्मक ख) नकारात्मक ग) समय सापेक्ष ठिकै

२२. तपाईको विचारमा मगर जातिको विवाह पद्धतिमा आएको परिवर्तनलाई कसरी लिनुहुन्छ ?

क) राम्रो ख) नराम्रो ग) ठीकै


## परिष्टि ख
## छनोटमा परेका उत्तरदाताको नाम र ठेगाना


| टोल | पुरुष उत्तरदाता | महिला उत्तरदाता |
|---|---|---|
| १ दर्लमडाँडा | १.पीताम्बर खाम्चा | १.सावित्रा आले |
| २ राम्दी | २. रमेश घर्ती मगर | २.कुन्ती बराल |
| ३ भरेक्टुङ | ३. महेश कुमार खाम्चा | ३.धना खाम्चा |
| | ४.तिलक बराल | ४.गीता बराल |
| | ५.दिलीप गाहा | ५.लालु गाहा |
| | ६.दीपक खाम्चा | ६.लीला खाम्चा |
| | ७.चक्र बहादुर बराल | ७.माया खाम्चा |
| ४ तल्लो कोलडाँडा | ८.इश्वर कुमार राना | ८.सीता गाहा |
| | ९.अर्जुन गाहा | ९.बालकुमारी राना |
| | १०.चुरामणि आले | १०.झमनी राना |
| | ११.उपेन्द्र राना | ११.सीता राना |
| | १२.जीत बहादुर थापा | १२.भगवती गाहा |
| ५ माथिल्लो कोलडाँडा | १३.सानु आले | १३.तिल कुमारी आले |
| | १४.विक्रम आले | १४.टीका आले |
| | १५.श्याम बहादुर आले | १५.लक्ष्मी आले |
| | १६.राम बहादुर खाम्चा | १६.रम्भा खाम्चा |
| | १७.पूर्ण बहादुर आले | १७. आशा आले |
| ६ गरन्डाँडा | १८.लक्ष्मण खाम्चा | १८.सीता खाम्चा |
| | १९.ठमन बहादुर खाम्चा | १९.सरस्वती खाम्चा |
| | २०.मिन बहादुर खाम्चा | २०.पुन्ता खाम्चा |
| | २१.नन्दबहादुर खाम्चा | २१.हीरा खाम्चा |
| | २२.गणेश खाम्चा | २२.नुन कुमारी खाम्चा |
| ७. दरुंगा | २३.जंग बहादुर उचै | २३.शोभा उचै |
| | २४.चन्द्र बहादुर पचभैया | २४.राधा उचै |
| ८ गेभ्मा | २५. तिल बहादुर थापा मगर | २५. हरिकला थापा मगर |

## परिशिष्ट ग

## छनोटमा परेका जिल्ला तथा गाउँपालिकाको नक्सा



# परिशिष्ट घ

## मगरजातिको विवाहमा खिचिएको केही तस्विरहरु








शुभ विवाह



